
# छन्दको छहरा



# छन्दको छहरा

सङ्कलन तथा सम्पादन

**रातो बङ्गला स्कूलका शिक्षकशिक्षिका**

चित्र

**शान्ता हिताङ**

रातो बङ्गला किताब

**प्रकाशक**
*रातो बङ्गला किताब २०५४*
*रातो बङ्गला स्कूल*
*पाटनढोका, ललितपुर, नेपाल।*
*फोन : ५-५२२६१४, ५-५३४३१८ फ्याक्स : ५-५४७६१९*

© ***रातो बङ्गला किताब २०६२***

ISBN: 99933 869 3 6

*मोल : रु. १५० मात्र*

**टाइपसेट, सज्जा**
***रातो बङ्गला किताब***

मुद्रण
*जगदम्बा प्रेस (प्रा.) लि., हात्तीवन, ललितपुर, नेपाल*
*फोन नं. : ५-५४७०१७, ५-५४७०१८*

# प्रकाशकीय

'छन्दका १०१ कविता'का पहिलो, दोस्रो र तेस्रो संस्करणबाट मिलेको सफलताले हामीले कविताको यो अर्को सँगालो 'छन्दको छहरा' प्रकाशन गर्ने आँट गरेका हौँ। अहिले आएर छन्दका कविता लेख्ने प्रथामा थोरै भए पनि कविजीहरूको रुचि बढ्न थालेको देखिन्छ । हुनत साना बालबालिकाहरूलाई सुहाउँदो छन्दमा लेखिएका कविता पाउन अहिले पनि हम्मे नै पर्दछ । उनीहरूलाई चाख लाग्ने, उनीहरूको स्तरअनुसारका रमाइला कविता खोज्न पुराना कवि पारसमणि प्रधान जस्ताकै समयमा पुग्नुपर्ने हुन्छ र त्यस भण्डारका उत्कृष्ट कविताहरूलाई हामीले यसअगिका छन्दका १०१ मा समेटिसकेका छौँ। हाल पनि महाकवि देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, बालकृष्ण सम, राष्ट्रकवि माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, रामबाबु सुवेदी, दैवज्ञराज न्यौपाने आदिलाई हामीले छानेका छौँ। त्यसबाहेक नयाँ छिमलका राम्रा लेख्ने कविहरूलाई पनि भित्र्याएका छौँ।

पहिले प्रकाशन गरेको 'छन्दका १०१ कविता'बाट हामीले आफ्नो उद्देश्य पूरा गरेको अनुभव गरेका छौँ। छन्दका कविताको मनोहारिताले हाम्रा केटाकेटीहरूको बालहृदयलाई छोयो। नेपाली कवितावाचनमा उनीहरूको प्रेम उब्ज्यो, बानी बस्यो। वास्तवमा गेय वा पद्यकवितामा एकपटक मन बसेपछि मान्छेले त्यसलाई बिर्सन सक्तैन। यो सत्य हो। त्यसैले हामीमा उत्साह बढ्यो र हामीले फेरि नयाँ किताब निकाल्ने जमर्को गऱ्यौँ। माथि भनिएझैँ नयाँ पुस्ताका कविहरूलाई प्रतिनिधित्व गराउने भनी हामीले यसपटक खोजीखोजी सकेसम्म नयाँ कविका कविताहरूलाई यसमा स्थान दिएका छौँ। नयाँलाई स्थान दिने भन्दैमा पुराना हाम्रा अमर कविहरू र कवित्वलाई बिर्सन सकिँदैन। त्यसैले उनीहरूका राम्राराम्रा कविता वा कवितांश पनि यसमा सङ्गृहीत छन्। यस्ता कवितांशलाई भिन्दै शीर्षक दिई सग्ला कविताका रूपमा प्रस्तुत गरिएको छ।

एकै छन्दलाई पनि नेपालीमा विभिन्न प्रकारले पाठ गरिन्छ। ती सबै शैली र भाकाहरू हाम्रा सांस्कृतिक सम्पदा हुन्। यसपटक हामीले प्रत्येक छन्दका गण दिई छन्दलाई चिनाउने प्रयास पनि गरेका छौँ। यसो हुँदा केटाकेटीलाई आफै कविता कोर्ने इच्छा पनि पलाउन सक्तछ। जति दिइएको छ, त्यो एउटा सानो प्रयास मात्र हो। बढी जान्न त संस्कृतको 'वृत्तरत्नाकरः' र नेपालीको 'छन्दोहार' जस्ता छन्दका महासागरमा डुबुल्की लगाउनै पर्दछ।

केटाकेटीहरूको अभिरुचि र उनीहरूको लगनशीलताले गर्दा नै हामीलाई यो एउटा अर्को किताब निकाल्ने हौसला आएको हो। उनीहरूको यो रुचि कायम राख्ने कार्यमा शिक्षकसमुदायको सहयोग पुनः प्राप्त हुने विश्वास हामीले लिएका छौँ। सो कार्यलाई सघाउन हामीले 'छन्दका १०१ कविता'को झैँ 'छन्दको छहरा'को पनि एउटा क्यासेट-टेप निकाल्ने कामको थालनी गरेका छौँ। सो टेपमा भएका छनोटले शिक्षकको कामलाई सरल र वैज्ञानिक बनाउनेछ।

धन्यवाद !

**रातो बङ्गला किताब**

# विषयसूची


| क्र.सं. | शीर्षक | कवि | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| ०) | कविता पढ्नुअगि | – | १ |
| १) | म त कवि हुन्छु | *गोविन्दराज 'विनोदी'* | ३ |
| २) | साथी | *रमेश खकुरेल* | ४ |
| ३) | हट हट घोडा | *कृष्णप्रसाद पराजुली* | ५ |
| ४) | हाम्री आमा | *रमेश खकुरेल* | ६ |
| ५) | बालबालिका शान्तिक्षेत्र हुन् | *रामप्रसाद ज्ञवाली* | ७ |
| ६) | बिरालो | *रमेश खकुरेल* | ८ |
| ७) | कुहु कुहु | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ९ |
| ८) | म सानु नानी | *कृष्णप्रसाद पराजुली* | १० |
| ९) | हजुरबाको अर्ती | *टीकाराम शर्मा पौडेल* | ११ |
| १०) | बुद्धिमान् काग | *सिद्धिचरण श्रेष्ठ* | १२ |
| ११) | राम्रो-नराम्रो | *रामबाबु सुवेदी* | १३ |
| १२) | मेरा इच्छाहरू | *रामप्रसाद ज्ञवाली* | १४ |
| १३) | सुनको बिहान | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १५ |
| १४) | किताब चरो | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १६ |
| १५) | नानी पढ्छ | *जनकप्रसाद हुमागाईं* | १७ |
| १६) | अचम्मका साथी | *टीकाराम शर्मा पौडेल* | १८ |
| १७) | आइहाल्यो बाघ | *टीकाराम शर्मा पौडेल* | १९ |
| १८) | मेरो भाइ | *टीकाराम शर्मा पौडेल* | २० |
| १९) | सबै हाम्रा साथी | *दैवज्ञराज न्यौपाने* | २१ |
| २०) | गौँथलीको बानी | *नरहरि आचार्य* | २२ |
| २१) | मेरी बाबा पुतली | *विश्वम्भर चञ्चल* | २३ |
| २२) | गाउँ दिने कथा | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | २४ |
| २३) | स्निचहरू | *टीकाराम शर्मा पौडेल* | २५ |
| २४) | सपनामा उडेको | *मित्रलाल पंज्ञानी* | २६ |
| २५) | असार | *भुवनहरि सिग्देल* | २७ |
| २६) | कविता-पहेली | *दैवज्ञराज न्यौपाने* | २८ |
| २७) | म शान्तिदूत | *रमेश खकुरेल* | २९ |
| २८) | स्वतन्त्र देश बाँच्न द्यौ ! | *रामप्रसाद ज्ञवाली* | ३० |
| २९) | नेपाली वास्तुकला | *जीवराज पोखरेल* | ३१ |
| ३०) | सुनीति-विरह | *गोपाल पाँडे* | ३२ |
| ३१) | धन महिमा | *कविशिरोमणि लेखनाथ पौड्याल* | ३३ |
| ३२) | स्वदेशको माया | *रामविक्रम थापा* | ३४ |

| | | | |
|---|---|---|---|
| ३३) | सल्लाह | *हरि कट्टेल* | ३५ |
| ३४) | स्वर्गको टुकडा | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ३६ |
| ३५) | नेपाल | *जयदेव पौडेल* | ३७ |
| ३६) | परदेशमा तिहार | *लालगोपाल सुवेदी* | ३८ |
| ३७) | युवा | *राधेश्याम भट्टराई* | ३९ |
| ३८) | स्वदेशका दर्पणमा | *वासुदेव त्रिपाठी* | ४० |
| ३९) | मभित्र यौटा कवि गर्छ वास | *मुकुन्दशरण उपाध्याय* | ४१ |
| ४०) | जुरेली | *युद्धप्रसाद मिश्र* | ४२ |
| ४१) | गौँथलीको चिरिबिरी | *कविशिरोमणि लेखनाथ पौड्याल* | ४३ |
| ४२) | वसन्त-कामना | *कृष्णप्रसाद पराजुली* | ४४ |
| ४३) | आदर्श राघवबाट | *सोमनाथ सिग्द्याल* | ४५ |
| ४४) | युवासँग | *पुरुषोत्तम भट्टराई* | ४६ |
| ४५) | के सम्झँदा हुन् अब भानुभक्तले | *टीकाराम शर्मा पौडेल* | ४७ |
| ४६) | तथापि फुर्दैन कवित्व हारियो | *कोमलप्रसाद पोखरेल* | ४८ |
| ४७) | मृत्युञ्जय महाकाव्यबाट | *भानुभक्त पोखरेल* | ४९ |
| ४८) | प्रगति | *विष्णुप्रसाद धिताल* | ५० |
| ४९) | आदर्श राघवबाट | *सोमनाथ सिग्द्याल* | ५१ |
| ५०) | कुञ्ज | *क.दी.* | ५२ |
| ५१) | उज्यालो र हाँसो कसैले दिएनन् | *मोदनाथ प्रश्रित* | ५३ |
| ५२) | अनिच्छाव्रत | *महानन्द सापकोटा* | ५४ |
| ५३) | राम-लक्ष्मण संवाद | *कुलचन्द्र गौतम* | ५५ |
| ५४) | धोबिनी | *भीमनिधि तिवारी* | ५६ |
| ५५) | साँचो कला | *देवी नेपाल* | ५७ |
| ५६) | मैले वसन्ततिलकासित प्रीति लाएँ | *गोविन्दराज विनोदी* | ५८ |
| ५७) | रामायण | *आदिकवि भानुभक्त आचार्य* | ५९ |
| ५८) | सल्लाह | *पुरुषोत्तम भट्टराई* | ६० |
| ५९) | अभिनय | *बुनू लामिछाने* | ६१ |
| ६०) | स्वर्ग पाऊन् | *टीकाराम शर्मा पौडेल* | ६२ |
| ६१) | मन | *ओमी शर्मा* | ६३ |
| ६२) | लाँकुरी | *डिल्लीजङ्ग गुरुङ* | ६४ |
| ६३) | भावी शहीद | *युद्धप्रसाद मिश्र* | ६५ |
| ६४) | मुनामदनबाट | *महाकवि लक्ष्मीप्रसाद* देवकोटा | ६६ |
| ६५) | गुरु | *बालकृष्ण सम* | ६७ |
| ६६) | माछापुच्छ्रे/पोखरा | *मुकुन्दशरण उपाध्याय* | ६८ |
| ६७) | नवरस | *दैवज्ञराज न्यौपाने* | ६९ |
| ६८) | खोजेको छ अँध्यारोले | *घनश्याम कँडेल* | ७० |
| ६९) | नारी : अनेक रूप | *प्रभा भट्टराई* | ७१ |
| ७०) | एक्काइसौं शताब्दी | *नारायणप्रसाद अधिकारी* | ७२ |

| | | | |
|---|---|---|---|
| ७१) | मेरो राजा | *‘गाउँले’ बलदेव* | ७३ |
| ७२) | सेतो दाह्री | *कृष्णप्रसाद बस्याल* | ७४ |
| ७३) | बिन्दु | *वासुदेव अधिकारी* | ७५ |
| ७४) | नेपालका पन्छी | *जनार्दनशरण त्रिपाठी* | ७६ |
| ७५) | भन्छ यो लोकनाथ | *रामबाबु सुवेदी* | ७७ |
| ७६) | यै छ मेरो निसानी | *श्रीहरि रूपाखेती* | ७८ |
| ७७) | पन्छीलाई चेतावनी | *नुमराज बराल* | ७९ |
| ७८) | नेपाली श्रम र सीप | *गणेश ‘विषम’* | ८० |
| ७९) | मोतीको दिव्यज्योति | *हिरण्यलाल ज्ञवाली* | ८१ |
| ८०) | तरुणतपसीबाट | *कविशिरोमणि लेखनाथ पौड्याल* | ८२ |
| ८१) | चरीको विलाप | *कविशिरोमणि लेखनाथ पौड्याल* | ८३ |
| ८२) | वनकुसुम महाकाव्यबाट | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ८४ |
| ८३) | पानी | *मोदनाथ शास्त्री* | ८५ |
| ८४) | जटिल समस्या | *भरतराज पन्त* | ८६ |
| ८५) | चसक्क किन हुन्छ ? | *रमेश खकुरेल* | ८७ |
| ८६) | शाकुन्तल महाकाव्यबाट | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ८८ |
| ८७) | केही कविका कवित्वको अनुकरण | *बालकृष्ण सम* | ८९ |
| ८८) | गौरी | *राष्ट्रकवि माधव घिमिरे* | ९१ |
| ८९) | चिठी | *बदरीनाथ भट्टराई* | ९२ |
| ९०) | कुराकानी | *पूर्णप्रसाद ब्राह्मण* | ९३ |
| ९१) | हाम्रो देश | *घनश्याम कँडेल* | ९४ |
| ९२) | कस्ती भयौ बागमती ! | *टीकाराम शर्मा पौडेल* | ९५ |
| ९३) | पहिले आफूलाई चिन | *खेमराज केशवशरण* | ९६ |
| ९४) | जिन्दगीको कार्यतालिका | *मित्रलाल पंज्ञानी* | ९७ |
| ९५) | कालीगण्डकीको तीरमा | *कृष्णप्रसाद ज्ञवाली* | ९८ |
| ९६) | यै देशलाई मर | *रामप्रसाद ज्ञवाली* | ९९ |
| ९७) | म जन्मँदाको समय | *सूर्यबहादुर खड्का ‘बिखर्ची’* | १०० |
| ९८) | सुकुमबासी | *गोविन्दराज ‘विनोदी’* | १०१ |
| ९९) | बालोपना | *हेमन्त ‘विवश’* | १०२ |
| १००) | नुवाकोट विजय | *नयराज पन्त* | १०३ |
| १०१) | आशाभङ्ग | *माधवप्रसाद देवकोटा* | १०४ |
| १०२) | श्रद्धासुमन | *फत्यबहादुर ‘बटुवा’* | १०५ |
| १०३) | राष्ट्रिय झन्डा | *राष्ट्रकवि माधव घिमिरे* | १०६ |
| १०४) | केही छन्द | *बमबहादुर थापा* | १०७ |
| १०५) | यात्री | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १०८ |
| १०६) | मेरो घर | *पारसमणि प्रधान* | १०९ |
| १०७) | शबरी | *खेमराज केशवशरण* | ११० |
| १०८) | वसन्त | *भुवनहरि सिग्देल* | १११ |

## कविता पढ्नुअगि

**छन्दोबद्ध कविताका ह्रस्व/दीर्घसम्बन्धी नियम**

ह्रस्व (लघु) एक मात्रा– (।)

दीर्घ (गुरु) दुई मात्रा– (ऽ)

१. **ह्रस्व (लघु– ।) :**

'क'देखि लिएर 'ह'सम्मका 'अ' स्वर मिसिएका सबै मात्राविहीन (सादा) व्यञ्जनवर्णहरू :

- क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह
- 'अ, इ, उ, ऋ' जस्ता स्वरवर्णहरू
- 'कृ, खृ' जस्ता 'ऋ' मिसिएका व्यञ्जनवर्णहरू
- ह्रस्व 'इ' र 'उ' मिसिएका 'कि, खि, गि घि' जस्ता सबै व्यञ्जनवर्णहरू
- उपर्युक्त नियमभित्र रही 'चन्द्रबिन्दु' लागेका सबै अक्षरहरू

२. **दीर्घ (गुरु– ऽ) :**

- 'आ, ई, ऊ, ए, ऐ, ओ, औ' जस्ता सबै स्वरवर्णहरू
- उपर्युक्त स्वरहरू मिसिएर बनेका 'का, खा, की, खी, कू, खू, के, खे, कै, खै, को, खो, कौ, खौ' जस्ता सबै व्यञ्जनवर्णहरू
- विसर्ग (:) लागेका सबै अक्षरहरू
- 'संसार, संवाद' जस्ता 'शिरबिन्दु' लागेका अक्षरहरू

**३. विशेष जानकारी (थप कुरा) :**

- आधा अक्षर र हलन्त (खुट्टो काटिएका) अक्षरको गणना हुँदैन। यी अक्षरले आफू रहेको ठाउँभन्दा अगिल्ला अक्षरलाई दीर्घ बनाउने काम गर्छन्।
- 'क्र, ख्र' जस्ता खुट्टो चिरिएका अक्षरहरू आफू त ह्रस्व हुन्छन् तर तिनले आफूभन्दा अगिल्ला अक्षरहरूलाई दीर्घ बनाउने काम गर्छन् यी अक्षरले आफूभन्दा अगिल्लालाई दीर्घ बनाउँछन् भन्ने कुरालाई अचेलका छन्दकविहरूले बिर्सन थालेका छन् र ह्रस्वकै रूपमा प्रयोग गरेको पनि पाइन्छ ।
- 'क्ष, त्र, ज्ञ र द्य' जस्ता संयुक्त अक्षरहरू आफू त ह्रस्व हुन्छन् तर तिनले आफूभन्दा अगिल्ला अक्षरलाई दीर्घ बनाउँछन्।

- छन्दकविताको सुरुमा आउने शब्दको सुरुकै अक्षर आधा वा हलन्त भएमा त्यसलाई बेवास्ता गर्ने गरिएको छ। त्यस अक्षरभन्दा पछि आउने अक्षर लघु/गुरु जुन रूपमा छ, त्यसैलाई नै हिसाब गर्ने गरिन्छ।
- 'य' अक्षरभन्दा अगाडि आउने आधा वा हलन्त अक्षरलाई पनि बिर्सन थालिएको छ। त्यसलाई मृदुलसंयोग मानी उपर्युक्त आधा वा हलन्त अक्षरले त्यसभन्दा अगिल्लो अक्षरको लघु/गुरुको स्थितिलाई कुनै प्रभाव पार्दैन भनी स्विकार्न थालिएको छ।
- छन्दोबद्ध कविताको पङ्क्तिको पुछारको अक्षर ह्रस्व वा दीर्घ जे भए पनि दीर्घ नै मान्ने गरिन्छ ।
- आधा वा हलन्त अक्षरले आफूभन्दा अगाडि आउने ह्रस्व अक्षरलाई दीर्घ बनाउने कुरा माथि उल्लेख भइसकेकै छ। यदि अगाडि आउने अक्षर दीर्घ छ भने त्यो अक्षर आफै दीर्घ हुन्छ । त्यसलाई त्यसभन्दा पछाडि आउने आधा वा हलन्त अक्षरले कुनै प्रभाव पार्दैन।

  वार्णिक छन्द बुझ्नका लागि **यमाताराजभानसलगा** एउटा प्रचलित सूत्र छ, जसअनुसार गणहरू छुट्ट्याउन सजिलो पर्दछ। छन्दशास्त्रअनुसार यसमा प्रयोग हुने सङ्केत (।)ले लघु (ह्रस्व) र (ऽ)ले गुरु(दीर्घ) मात्रा बुझाउँदछन् :

| **गण** | **सूत्र/सङ्केत(लघुगुरु)** | **उदाहरण** |
|---|---|---|
| 'य'गण | ।ऽऽ (यमाता) | सिकारी |
| 'म'गण | ऽऽऽ (मातारा) | झापाली |
| 'त'गण | ऽऽ। (ताराज) | गोपाल |
| 'र'गण | ऽ।ऽ (राजभा) | बाजुरा |
| 'ज'गण | ।ऽ। (जभान) | निसान |
| 'भ'गण | ऽ।। (भानस) | बालक |
| 'न'गण | ।।। (नसल) | कमल |
| 'स'गण | ।।ऽ (सलगा) | खुकुरी |

तीन अक्षरको एक गण हुन्छ। उपर्युक्त **यमाताराजभानसलगा** सूत्रले गणहरू आठ प्रकारका हुन्छन् भन्ने कुरालाई सङ्केत गर्दछ।

# म त कवि हुन्छु

*– गोविन्दराज 'विनोदी'*

म त पढिराख्छु
अघि बढिराख्छु
समय छ शत्रु
म त लडिराख्छु

जतिजति पढ्छु
उतिउति लेख्छु
कलम समात्दा
सबतिर देख्छु



झुपुझुपु निद्रा
परपर जा तँ !
खुरुखुरु विद्या
वरवर आ तँ !

मनभरि हाँस्ने
म त कवि हुन्छु
जग छ अँध्यारो
म त रवि हुन्छु

(शशिवदना छन्द)

गणसङ्केत : ।।। ।।ऽ (६ अक्षर)
गण : न य

# साथी

*– रमेश खकुरेल*

तिम्रो पनि साथी
मेरो पनि साथी
हामी दुइटैको
टेकी शिरमाथि

हान्यो जब लात्ती
चस्क्यो अनि छाती
यस्ता सठ साथी
केको हुनु जाती

ऐया जब सुन्छ
दङ्गै झन हुन्छ
केही नबुझेझैँ
के भो पनि भन्छ




खौलातिर लाने
झाँको अब झार्ने
को छौ भन साथी
आओ अब माथि

(तनुमध्या छन्द)

| | | | |
|---|---|---|---|
| गणसङ्केत : | ऽऽ। | ।ऽऽ | (६ अक्षरको पाउ हुने तगण र यगणको यो तनुमध्या छन्द बालकवितामा उपयुक्त छ र सिकारुलाई अभ्यास गर्न सजिलो पनि छ ।) |
| गण : | त | य | |

# हट हट घोडा

– *कृष्णप्रसाद पराजुली*



हट हट घोडा आयो है
बाटो छोड, छोड है !
सानो घोडा राम्रो छ
छिल्के घोडा हाम्रो छ

विद्यालय गइसक्यौँ
घर फर्की आइसक्यौँ
घोडा दौडचो साँझमा
नबस है माझमा !

हट हट घोडा आयो है
बाटो छोड, छोड है !
फुर्तिलो छ घोडा यो
हुन्छ यसको जोडा को ?

लडाइदेला माटामा
कुल्चिदेला बाटामा
छेउ लागी जाऊ रे
आँखा हेरी आऊ रे

हट हट आयो घोडा है
बाटो छोड, छोड है !

(लोक छन्द)

(अक्षरका आधारमा लोक छन्द विभिन्न प्रकारका हुन्छन् । यहाँ दिइएको लोक छन्दमा प्रत्येक हरफमा ७ देखि ९ अक्षरसम्म हुन्छन् ।)

# हाम्री आमा

*– रमेश खकुरेल*



हाम्री आमा कस्ती जाती
माया गर्छिन् टाँसी छाती
मीठामीठा खाना दिन्छिन्
राम्राराम्रा नाना दिन्छिन्

तेते लाई कोरीबाटी
सेवा गर्छिन् बन्छिन् साथी
ऐया भन्दा दु:खी हुन्छिन्
हामी हाँसे हाँसी बस्छिन्



हामी खेल्दा उठ्ता बस्ता
आमालाई हाम्रै चिन्ता
हामी ठूला हुन्छौँ भन्छिन्
राम्रा मान्छे बन्छौँ भन्छिन्

(विद्युन्माला छन्द)

| गणसङ्केत : | ऽऽऽ | ऽऽऽ | ऽ | ऽ |
|---|---|---|---|---|
| गण : | म | म | गु | गु |

(आठ अक्षरको पाउ भई चारचार अक्षरमा यति हुने यस विद्युन्माला छन्दमा सबै अक्षरहरू दीर्घ हुन्छन् ।)

# बालबालिका शान्तिक्षेत्र हुन्

*– रामप्रसाद ज्ञवाली*



बालबालिका चन्द्रसूर्य हुन्
चन्द्रसूर्यले ज्योति छर्दछन्
ज्योतिपुञ्जमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्



सानु बीजमा वृक्ष छन् ठुला
सानु दीपमा ज्योति चम्किला
ज्योतिवृक्षमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्



भन त फूलले के बिगार्दछन् ?
फूलले सधैँ शुद्ध पार्दछन्
स्वच्छ फूलमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्



यी भविष्यका कर्णधार हुन्
भोलिका नयाँ यी विचार हुन्
यी विचारमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्

विश्वमा नयाँ लाख स्वप्न छन्
बालबालिका विश्वस्वप्न हुन्
स्वप्नभूमिमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्

(उपजाति=इन्दिरा+सुन्दरी)

प्रायः सोह्र मात्रा हुने दस र एघार अक्षरको विषमवृत्तको छन्द ।

# बिरालो

-रमेश खकुरेल

ज्ञानी जस्तो हुन्छ हेर्दा बिरालो
आँखा चिम्रो भित्रको चित्त कालो
सोझो जस्तै भै सधैं गर्छ म्याउँ
कैले पाऊँ दूध चोरेर खाऊँ

मूसा मार्ला अन्न गर्ला जगेडा
भन्थें, आशा चूर्ण पारेर मेरा
खोस्री-खोस्री धानको नै भकारी
फोहोरैले ढाक्छ दुर्गन्ध पारी



सूरी आः आः भन्छु भागेर जान्छ
मीठा-मीठा चीज चोरेर खान्छ
प्यारो गर्दै काखमा राख्न खोज्छु
नङ्ग्रा मारी कोर्छ झन् दिक्क हुन्छु

(शालिनी छन्द)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽऽ | ऽऽ। | ऽऽ। | ऽ | ऽ | |
| गण : | म | त | त | गु | गु | (अक्षर ११) |

# कुहु कुहु

– *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

को हँ ? को हँ ? वनमा कुन को हो ?
गर्छ क्या कुहुकुहू सुन ओहो !
हैनँ हैनँ म त हैनँ म हैनँ !
को हँ को हँ तर को चिनिँदैन



फूलमा छ कि ? कि झाँग हरामा ?
वासमा छ कि उ हुन्छ चरामा ?
या मुनातिर ? कि एक कुनामा ?
हुन्छ मान सपना बिपनामा ?



को हँ को हँ म त चिन्दिनँ हेर
झल्किँदो रस अनेक लिएर
लुक्छ को मन वसन्त फुलाई
यो सवाल रसिलो छ मलाई

को हँ ? को हँ सित सोद्धछ सारा
बालचित्त लहरी रसधारा
को बनाउँछ वसन्त रँगीन
सिर्जनाहरु गरेर नवीन

(स्वागता छन्द)

गणसङ्केत : ऽ।ऽ ।।। ऽ।। ऽ ऽ
गण : र न भ गु गु (अक्षर ११)

# म सानु नानी

*– कृष्णप्रसाद पराजुली*



म सानु नानी, हँसिलो मुहार
गर्छन् मलाई सबले पियार
मान्छे हुँ पक्का, गुनिलो छ बानी
म हुन्छु साँच्चै छरितो र ज्ञानी

उठी बिहानै मुखहात धुन्छु
पढेर धेरै अनि माम खान्छु
फुन् फूर्तिले चट्ट लुगा लगाई
म जान्छु विद्यालयमा रमाई

नौला कुरा सिक्छु दिएर ध्यान
यसै गरी जोर्दछु धेर ज्ञान
बनेर लाछी कहिल्यै म रुन्नँ
खराब चाल कहिल्यै म लिन्नँ



म खेल्छु साथीसँग खेल हाइ !
म नाच्छु हाँसीकन गीत गाई
म पातबाटै फुकिदिन्छु बाजा
म काम गर्दै अरू हुन्छु ताजा

(उपजाति छन्द=उपेन्द्रवज्रा+इन्द्रवज्रा)



**उपेन्द्रवज्रा छन्द**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ | |
| गण : | ज | त | ज | गु | गु | (अक्षर ११) |

**इन्द्रवज्रा छन्द**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ | |
| गण : | त | त | ज | गु | गु | (अक्षर ११) |

# हजुरबाको अर्ती

*– टीकाराम शर्मा पौडेल*

मुसुक्क हाँसेर मुहार खोल
झनक्क झन्केर कडा नबोल



चसक्क काँडासरि घोच्न हुन्न
कटक्क पारी मुटु रोप्न हुन्न

कुहूकुहू कोकिलझैँ रमाऊ
मौरी बनी भुन्भुन गुन्गुनाऊ

गजक्क पर्ने र गमक्क फुल्ने
नहोऊ मातेर घमन्ड गर्ने

जुरुक्क उठ्नू र चिटिक्क पर्नू
सफा भई भोजन चट्ट गर्नू



सुरुक्क जानू प्रिय पाठशाला
खुरुक्क पढ्नू अनि पाठमाला

साथीहरूसाथ मिलेर खेल
पटक्क कैल्यै नगरेर झेल

हाँसीखुसीसाथ सधैँ रमाऊ
पढीगुनी पूर्ण भएर आऊ

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# बुद्धिमान् काग

*– सिद्धिचरण श्रेष्ठ*



घुम्थ्यो बडो दु:खित भै कराई
यौटा कुनै काग नपाइ पानी
टेक्थ्यो जहाँ अग्निसमान धर्ती
गर्मी चढी भो सब हीन फूर्ति

त्यो कालमा प्यास चढेर ज्यादा
भो ज्यूनलाई पनि घोर बाधा
खोला र नाला सब थे अडेका
वैलाउँदै वृक्षहरू सुकेका

आखीर गोल्फू त्यसले कसैको
देख्यो पनेरानजिकै रहेको
होला कि पानी भनि गो उडेर
पानी त्यहाँ किन्तु थिएन धेर



चुच्चो घुसारी जल प्यून खोज्यो
केही नलागी अति हार मान्यो
आँखा घुमाई सबतर्फ हेऱ्यो
उपाय यौटा मनभित्र झुल्क्यो

गिर्खा उठाईकन हाल्न थाल्यो
भो प्यूनलाई सजिलैसँगै जो
पानी पियो प्यास तुरुन्त मेटचो
उपाय खोजेपछि मिल्छ पास

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# राम्रो-नराम्रो

*– रामबाबु सुवेदी*




संसारमा चम्चम बल्नु राम्रो
लोसे हुनू नै ननिको नराम्रो
मुसुक्क हाँसीकन बोल्नु राम्रो
रुनू पिरोल्नू ननिको नराम्रो

न्वाए उही ज्यान बिछट्ट राम्रो
मैलो हुनू नै ननिको नराम्रो
कोरे तलासे यहि केश राम्रो
अल्छी हुनू नै ननिको नराम्रो

बाँडेर खाने लत हुन्छ राम्रो
एक्लै हसुर्नू ननिको नराम्रो
विनम्र भै बोल्नु सदैव राम्रो
ऊडङ्ग बोल्नू ननिको नराम्रो

साना र ठूलासित मिल्नु राम्रो
पिट्नू ऊपार्नू ननिको नराम्रो
साथी-सँगातीसित हिँड्नु राम्रो
एक्लै दगुर्नू ननिको नराम्रो



चम्पा चमेलीसरि फुल्नु राम्रो
वैलाउनू नै ननिको नराम्रो
हिमालझैँ उच्च हुनू छ राम्रो
न्यूरेर बाँच्नू ननिको नराम्रो

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# मेरा इच्छाहरू

*–रामप्रसाद ज्ञवाली*



माटो चिरी आउँछ रूख के गरी ?
लाखौँ थरी फूल फुले नि के गरी ?
रङ्गीबिरङ्गी पुतली भए किन ?
यो जान्न इच्छा छ मभित्र दिन्दिन



धूवाँ उडेको छ उँभोउँभो किन ?
पानी बगेको छ उँधोउँधो किन ?
जम्यो नि पानी कसरी हिमालमा ?
यो जान्न इच्छा छ मभित्र दिन्दिन

हावा चलेको कसरी अकासमा ?
आगो बलेको कसरी जमीनमा ?
बाली फलेको कसरी नि बोटमा ?
यो जान्न इच्छा छ मभित्र दिन्दिन

उत्रन्छ डुङ्गा जलमाथि के गरी ?
उत्रन्न ढुङ्गा किन क्यै गरे पनि ?
उम्रन्छ पानी कसरी जमीनमा ?
यो जान्न इच्छा छ मभित्र दिन्दिन



जाडो र गर्मी भइदिन्छ के गरी ?
शरीरबाटै पसिना कसो गरी ?
मान्छे बिरामी किन पर्छ छिन्छिन ?
यो जान्न इच्छा छ मभित्र दिन्दिन

(उपजाति छन्द=वंशस्थ+इन्द्रवंशा)



**वंशस्थ छन्द**

| | | | | | |
|---|---|---|---|---|---|
| गणसङ्केत : | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ | |
| गण : | ज | त | ज | र | (अक्षर १२) |

**इन्द्रवंशा छन्द**

| | | | | | |
|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ | |
| गण : | त | त | ज | र | (अक्षर १२) |

# सुनको बिहान


*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*

सुनको दिन एक उदाउँछ रे
यस देश खुलीकन आउँछ रे
रँगिला सब बादल छाउँछ रे
जल चञ्चल भैकन गाउँछ रे



चिडिया बिउँझेर कराउँछ रे
सब मन्दिर घण्ट बजाउँछ रे
र हवा पनि वास उडाउँछ रे
दिल, फूल सबै बिउँझाउँछ रे





दुनियाँ सब चार्दछ, धाउँछ रे
र हिमाल उँचो झलकाउँछ रे
जल-विन्दु सुशीतल ल्याउँछ रे
सब उन्नत झल्ल तुल्याउँछ रे

(तोटक छन्द)


**तोटक छन्द**
गणसङ्केत : ।।ऽ ।।ऽ ।।ऽ ।।ऽ (१२ अक्षर)
गण : स स स स

# किताब-चरो

*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*

कति सुन्दर हेर किताब-चरो
दुइ पङ्ख फिजाउँछ यो बिचरो
कति थोप्लिइ खोल्दछ झिलिमिल यो
म त मग्न बनीकन हेर्छु अहो

कति छन् तह हेर भुवा यसमा
कति प्वाँख फिजाउँछ क्या रसमा
जति हेर्छु उडाउँछ दूर कता
म चढी यसमा छु सधैँ बिपता



कहिले म त बादलको महल-
तिर पुग्छु सुनैसुनझैँ असल
जसबीच कथाहरुको दुनियाँ-
हरुमा म बिचार्दछु बात नयाँ

कहिले परदेश पुगेर कता
तसबीर भईकन छक्क म ता
पटना र बनारस बम्बइमा
म त डुल्दछु रङ्ग भरी भुइँमा

कहिले कति सागरपार पुगी
म त लन्डन डुल्दछु हेर ! सँगी
कति मोटर बस् कति ट्राम हुने
र हवाइजहाज उडी-रहने

कहिले म त देख्दछु दृश्य नयाँ
कहिले सुखको दुखको दुनियाँ
अघिका जुगसाथ म गर्छु कुरा
कति मोज छ चढ्नु किताब-चरा

(तोटक छन्द)

# नानी पढ्छ

*– जनकप्रसाद हुमागाईं*

आयो मेरो नानीलाई आयो निदरी
आँखा पनि झुम्म पाऱ्यो हेर कसरी !

लेख्नेपढ्ने हैन अब सुत्न दिनुपर्छ
निनी गरी उठेपछि अनि नानी पढ्छ

खेल्न पनि दिनुपर्छ खान दिनुपर्छ
सफा न्यानो नाना पनि लाइदिनुपर्छ

अनि नानी रमाई-रमाई आफै पढ्ने गर्छ
हप्काएर दप्काएर नानी कहाँ पढ्छ !

(सवाई छन्द)



नेपाली लोकलयमा आधारित यस सवाई छन्दमा एक चरणमा प्राय: १४ अक्षर हुन्छन् र कहिलेकाहीं १२ वा १३ अक्षर पनि हुन सक्छन् ।

# अचम्मका साथी

– *टीकाराम शर्मा पौडेल*

दुई जना साथी थिए पुगिसके साठी
एक जना पाथी भन्दा अर्को सुन्थ्यो पाठी
एक जना गोडा भन्थ्यो अर्को भन्थ्यो घोडा
तातो-टाटो धोका-ढोका सुन्ने कस्तो जोडा

तोक्नु भन्दा टोक्नु सुन्ने हात भन्दा हाट
गीत गाऊ भन्यो भने गाउँ जाने बात
पत्याउने कुरा गर्दा पटचाउने सुन्ने
भाँडा किन्न जाऔँ भन्दा भाडा छैन भन्ने

सुन्दा उस्तै सुनिनाले बडा गाह्रो पर्थ्यो
एकातिर कुरा उठे अर्कातिर सर्थ्यो
यसै गरी दुवै जना भनाभन गर्थे
केही गरी कुरा मिल्यो भने दङ्ग पर्थे


(सवाई छन्द)



# आइहाल्यो बाघ

*– टीकाराम शर्मा पौडेल*

परेवाका भालेपोथी
माकुरमाकुर गर्थे
जोडी ढुकुर चारो टिपी
ढुकुरढुकुर गर्थे



काँकाँ गर्दै घुम्न थाल्यो
आकाशमा काग
गाई हेर्थ्यो गोठालाले
आइहाल्यो बाघ





गाईभैँसी भागिहाले
ठाडो पुच्छर लाई
कुखुराको दाउ हेर्थ्यो
छट्टू स्याल आई





जम्का-भेट भइहाल्यो
बाघसित स्याल
एकै चोट खाई ढल्यो
निकालेर ऱ्याल



कुखुराले कुखुरी-काँ
बल्ल भन्न पाए
गाउँलेले चोरबाट
बल्ल मुक्ति पाए

(सवाई छन्द)

# मेरो भाइ

*– टीकाराम शर्मा पौडेल*



मेरो भाइ कति बाठो
पापा लेऊ भन्छ
बुबुमाम खाऊ भन्दा
नुनु गर्छु भन्छ

नुनु गर सानू भने
हटहट गर्छु भन्छ
घोडा हुन्नँ भन्यो भने
पाई गर्छु भन्छ

तातेताते सुनेपछि
थिरीथिरी गर्छ
कुती-मने भनेपछि
छुन अघि सर्छ

सुरी आयो भनेपछि
पछिपछि सर्छ
कमिलालाई देखेपछि
किरी ! किरी ! गर्छ

तेते लाऊ बाबू भने
नाइँनाइँ भन्छ
कोट्याएरै भए पनि
अय भयो भन्छ

न्वाइन्वाइ गर्ने भन्दा
खुट्टा फालिहाल्छ
गाली गर्न कहाँ हुन्थ्यो
रुन थालिहाल्छ


पढ्न बसे दिदीसितै
कक-नन गर्छ
संसारमा मेरै भाइ
मलाई मन पर्छ

(सवाई छन्द)

# सबै हाम्रा साथी

*– दैवज्ञराज न्यौपाने*

सुरी गर्छ म्याउँ-म्याउँ
छैन कतै हाउ
बुजीदेखि नडराऊ
खेल्न तिमी आऊ





बबोबाँले बुबु दिन्छ
निनी साथी हुन्छ
मने पनि खेल्न जान्छ
खेल राम्रो हुन्छ





पुतली यो कति राम्रो ?
यसले माया गर्छ
कुती हाम्रो रक्षा गर्छ
चरी खेल्न रुर्छ






फूल टिप्नु हुन्न त्यसै
त्यो पनि हो साथी
सबैलाई माया गरौँ
सबै हाम्रा साथी

(सवाई छन्द)

# गौँथलीको बानी

– *नरहरि आचार्य*



मेरो घरको ढोकामाथि
गौँथलीको गुँड
गुँडभित्र भालेपोथी
बस्छन् बच्चासँग

मिलीजुली काम गर्छन्
खानेकुरा खोज्छन्
पालैपालो भालेपोथी
बच्चालाई हेर्छन्

सानो-सानो चुच्चोभित्र
माटो-झार ल्याई
आफ्नो घर बनाउँछन्
निकै रमाई-रमाई



थोरै काम गरे पनि
सधैँ केही गरौँ
आज गरौँ, भोलि गरौँ
आफ्नै भर परौँ

थोपा-थोपा मिलाएर
बन्छ धेरै पानी
भन्ने कुरा देखाउने
गौँथलीको बानी

(सवाई छन्द)

# मेरी बाबा पुतली

*– विश्वम्भर चञ्चल*



मेरी बाबा पुतलीलाई
राम्री बनाइदिउँला
राम्रा-राम्रा नाना लगाई
सिँगार पारिदिउँला

कोरीबाटी चुलठी
गाजल लगाइदिउँला
पाउडर घसी गालामा
ओठमा लाली दिउँला



मेरी बाबा पुतलीलाई
बिहे गरिदिउँला
नाकमा दिउँला बुलाकी
कानमा झुम्का दिउँला

कल्ली दिउँला खुट्टामा
हातमा चुरी दिउँला
पन्चैबाजा बजाई
डोली चढाइदिउँला

(सवाई छन्द)

# गाउँ दिने कथा


*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*

दुइटा ओडार कालाकाला त्यसमा दुइटा तारा
माथि झ्याँग छ तल झाडी त्यो हो के त प्यारा ?





सोह्र कौडा दुई ठाउँ खाल्डोभित्र हाँस
ख्याली बजे पानी पर्छ आँखा साउन-मास



पहाडमाथि झ्याँग लाग्यो वनमा पस्यो बाघ
सन्चो मानी बस राजा ठुँग मारिमाग



सानो बादल दलिनमा सेतोसेतो लाग्दो
त्यसभित्र बस्ने को त ? केके खान लाग्यो ?



सानो-सानो नानी मेरो फुर्के लायो धोती
ऐय्या पर्ला होस राखे मुन्द्री लाउने लोती



खाल्डो यौटा नपुरिने जति हाल्यो उत्ति
त्यसमा गुँड लाउने को त ? बिन्ती भन यत्ति



एक देशकी रानी आइन् मीठो चाल मारी
ढकनीलाई ओढालेर कालो लाई सारी !

(सवाई छन्द)

# स्निचहरू

– *टीकाराम शर्मा पौडेल*

त्यो दिनभरि समुद्रको किनारमा चर्को
कोलाहल मच्चिरह्यो एक छाडी अर्को
तारा झिक्ने-राख्ने साथी काम गर्दै गयो
बारम्बार स्निचहरूको तारा फेर्दै गयो
भित्र-बाहिर भित्र-बाहिर घरीघरी गर्दै
फेरिफेरि तारा फेरी फेरि पैसा तिर्दै
ताराभुँडे सादाभुँडे घुमी मात्र राखे
आफ्नो-अर्को नचिनुन्जेल त्यसै गरिराखे
जब पैसा तिर्दातिर्दै स्निचहरू थाके
एउटै पैसो पनि तिनले कहाँ बाँकी राखे ?
त्यसपछि त धूर्त साथी टाप ठोकिहाल्यो
त्यस ठाउँमा किन बस्थ्यो ? पैसा लुटिहाल्यो
अनि पछि समुद्रको किनारको बाटो
गाडी हाँकी खुसी हुँदै भन्छ मक्बिन बाठो
"तिनीहरू कहिले पनि केही सिक्नेछैनन् !
स्निचलाई सिकाउन कोही सक्नेछैनन् !"
तर पनि मक्बिन भयो आखिरमा झूटो
त्यो दिन भने स्निचहरूको साँच्चै बुद्धि फुट्यो
"स्निचहरू स्निच नै हुन्, बेग्लै कोही छैनन्
समुद्रका एकैथरी मात्र राम्रा होइनन्"
त्यसै दिन सबै स्निचले तारालाई बिर्से
आफूसित छ कि छैन भन्ने पनि बिर्से

(सवाई छन्द)

(डा. सुसको 'स्निचेज'को नेपाली रूपान्तर 'स्निचहरू'बाट केही अंश)

# सपनामा उडेको

–मित्रलाल पंज्ञानी



राती खाना खाएर सुत्न भनी गएको
आमा आई चराको कथा भन्नुभएको
सपनामा म पनि चरो बनी उडेको
अक्कासिँदै गएको माथिमाथि पुगेको
बादलुमा लुकेको कावा खाँदै रुकेको
जूनसित भेटेको तारासित भेटेको
यता हेऱ्यो रमाइलो उता हेऱ्यो रमाइलो
रूपै कस्तो हो कस्तो आँखै टाँसौँ कि जस्तो



कुनै बेला पृथिवी बादलले ढाकिन्थ्यो
कुनै बेला फारेर जम्मै देखिराखिन्थ्यो
हरिया न हरिया डाँडाकाँडा कति हुन्
नागबेली घुमेका खोलानाला कति हुन्
हिउँको चुली टल्केको झलल्ल झल्केको
हेरेँ मैले मनभरि आँखै झिम्म नगरी
बिहानमा ब्यूँझँदा, बिस्तरामा नै छु म
चरा भा'कै हैनछ, मान्छे नै पो रै'छु म

(लोक छन्द)





(यो लोक छन्दको प्रत्येक हरफमा १४ देखि १६ अक्षरसम्म हुन्छन्। तीजमा गाइने महिलाहरूको गीतमा पनि यस छन्दको प्रयोग भएको देखिन्छ।)

# असार

*– भुवनहरि सिग्देल*

गुडुडुडु गुडुडुङ् डुङ् मेघ उर्लेर आयो
दिन पनि धमिलो भो ढप्प आकाश छायो
झललल बिजुली लौ चम्कियो झिल्ल कस्तो !
पट पटटट गर्दै फुट्छ संसार जस्तो !



सिमसिमसिम पानी बर्संदा रूखपात
मुजुरसरह नाचे वायुका साथसाथ
तपतपतप खस्थे तप्किनी पातदेखि
अब त खतम भैगो सूर्यको ताप-सेखी

लितपित छ गलेको खेतको आज माटो
सडकभर छ पानी छिप्छिपे छैन बाटो
हह हह हह गोरू भन्छ जोत्ने हलीले
डङ डङ डङ पिट्तै बेतलौरी छडीले





दुइतरफ जुहारी गीत मीठो असारे
मधुर लय मिलाए अर्थले घोच पारे
छुपुछुपुछुपु गर्दै धान रोप्ने छ वेला
मुसुमुसुमुसु लाठे मुस्किँदै झर्छ मेला

समयसँग गरौँ है कामको सन्धि हामी
पलपल छुटिहाल्छन् कालको वेश छामी
बिउ-बिजन नरोपी व्यर्थ फाले असार
श्रम लगनबिना ता हात के लाग्छ ? हार



(मालिनी छन्द)

गणसङ्केत : ।।। ।।। ऽऽऽ ।ऽऽ ।ऽऽ
गण : न न म य य (अक्षर १५)

# कविता–पहेली

*– दैवज्ञराज न्यौपाने*

**प्रश्न**

पहिलो वनको नाउँ
दोस्रो पन्छी छ सम्झिने
'न'को लौरो झिकी जोड्दा
अर्को नाम नयाँ हुने



बस्दैन वनमा किन्तु
बस्छ त्यो घरमा गई
काठको काम त्यो गर्छ
अर्काको भरमा रही

दोस्रो वर्ण झिके बन्छ
सानो बालक त्यो चरो
भन त्यो कसको नाउँ
के हो उत्तरको कुरो ?



**उत्तर**

'वन'को साथमा मिल्ने
'चरो' हो त्यो रमाउँछ
'न'को लौरो झिकौँ साथी !
'बन्चरो' हुन आउँछ

बन्चरो वनमा ह्वैन
घरमै बस्न आउँछ
'न' झिके 'बचरो' बन्छ
सवालैमा जवाफ छ

(अनुष्टुप् छन्द)

यो छन्द १६ अक्षरको हुन्छ। आठ अक्षरको पाउ हुने यस छन्दमा पहिलो र तेस्रो चरणको पाँचौँ, छैटौँ र सातौँ अक्षर लगु-गुरु-गुरु(ऽऽ) हुन्छन् भने दोस्रो र चौथो चरणको पाँचौँ, छैटौँ र सातौँ अक्षर लघु-गुरु-लघु (।ऽ।) हुन्छन्। अरू बाँकी अक्षर लघु/गुरु जे भए पनि हुन्छ।

# म शान्तिदूत

*-रमेश खकुरेल*



बुबा मुमा दुवै जना सधैँ मसङ्ग सोध्दछन्
अरूहरूसमेत यै सवाल रोज गर्दछन्
तिमी बढेर के हुने ? तिमी पढेर के हुने ?
छ लक्ष्य के ? कता पुगी उचाइमा कहाँ छुने ?



म के भनूँ म के गरूँ विचार खूब गर्दछु
र अन्तमा यही कुरा सबै समक्ष भन्दछु
निकै निकै निकै पढी बडो बडो बडो बनूँ
बडो म हूँ नहूँ परन्तु निश्चयै भलो बनूँ



कतै अरू कुनै रुँदा मभित्र वेदना उठोस्
अरू खुसी हुँदा मभित्रको मुहार चम्कियोस्
म थोरमै खुसी बनूँ न लोभ होस् न पाप होस्
म जे कुरा गरूँ न ता त्यहाँ पछाडि ताप होस्

म देशको सपूत हूँ यहीँ जिऊँ यहीँ मरूँ
स्वदेशका निमित्त पर्छ जे कुरा त्यही गरूँ
म भाइ-भाइबीच प्रेमको सुवास भै बसूँ
म शान्तिले जगत् भरूँ र शान्तिदूत भै जिऊँ

(पञ्चचामर छन्द)

गणसङ्केत : ।ऽ। ऽ।ऽ ।ऽ। ऽ।ऽ ।ऽ। ऽ
गण : ज र ज र ज गु (अक्षर १६)

# स्वतन्त्र देश बाँच्न द्यौ !

– *रामप्रसाद ज्ञवाली*

असह्य वेदना बढ्यो जिऊँ मुमा ! म के गरी ?
जताततै छ रक्त यो पिऊँ मुमा ! म के गरी ?
पिउन्नँ रक्त यो म ता मलाइ दूध प्यून द्यौ !
नमार निर्दयीहरू ! दया गरेर ज्यून द्यौ !





गड्याम्म ड्याम्म ! यो धुआँ ! सुनी-रहूँ म के गरी ?
जताततै छ ड्याङ्गडुङ् चुनूँ गरूँ म के गरी ?
नच्याप बेसरी गला मलाइ सास फेर्न द्यौ !
नमार निर्दयीहरू ! मलाइ विश्व हेर्न द्यौ !

म शक्तिहीन जन्मिएँ छ दोष के तिमी भन ?
छ मार्नु नै भने दियौ मलाइ जिन्दगी किन ?
विषादि छैन क्यै ममा नहान तोप बाँच्न द्यौ !
नमार निर्दयीहरू ! जनी गरेर बाँच्न द्यौ !

नदी स्वयम् छ प्यासमा छ अन्न भोकमा स्वयम्
स्वयम् छ बुद्ध क्रोधमा छ मृत्यु शोकमा स्वयम्
हिमाल हाँस्छ हाँस्न द्यौ मधेस नाच्छ नाच्न द्यौ !
नमार निर्दयीहरू ! पहाडलाइ बाँच्न द्यौ !



नमेट प्यास रक्तले नमेट भोक मासुले
मभित्र वेदना बढ्यो भिज्यो शरीर आँसुले
चरी उडोस् स्वतन्त्र भै नरोक उड्न-नाच्न द्यौ !
नमार निर्दयीहरू ! स्वतन्त्र देश बाँच्न द्यौ !

(पञ्चचामर छन्द)

# नेपाली वास्तुकला

*– जीवराज पोखरेल*

यसबेरमा नयपालको
थिति वास्तुको सुन के थियो
अब भन्छु शिष्य, सबै कुरो
सुन है नमान कुनै झिँजो

नजिकै छ भारत देश औ
यसमा जुनै पनि वास्तु थ्यो
त्यसको सिको बहुतै भयो
दरबार, मन्दिरमा सबै

यस कालमा सब भारत
मुगली थियो सब वस्तुत:
यसरी छिमेक सबैतिर
यसको प्रभाव भयो स्वत:

धररा भयो नव निर्मित
मुगली भयो यसको रुख
नभबीच यो अति सुन्दर
चुनको भएर छ उज्जर

भिमसेनको दरबार भो
मुगली सबै रङरूपको
यसरी बने बहुजालमा
मुगली नयाँ सुर चालमा

सुरु कालमोचनमा भयो
मठ बन्न रम्य नदीतिर
यसको भयो शिर गुम्बज
चुनको लियो यसले रज

जुन रम्य सत्तल जाल थ्यो
अलि मानमर्दन भैदियो
तर भिन्न खाल र चालको
नव रूप औ रङ देखियो
(संयुता छन्द, गुरुशिष्य-संवादबाट)



गणसङ्केत : ।।ऽ ।ऽ। ।ऽ। ऽ
गण : स ज ज गु (अक्षर १०)

# सुनीति–विरह

*– गोपाल पाँडे*

अँध्यारो कोठामा गहन वनको बीच निशिमा
सुतीराखेका छन् ध्रुव र निजमाता सुकुलमा
निकै चल्दैचल्दै अलि पर पुगी चट्ट छिनमा
जसै निस्की भागे ध्रुव अनि त छाम्छिन् निज मुमा

(शिखरिणी छन्द)

यसरी किन हट्तछौ पर ?
ध्रुव, जाडो छ अहो ! वरै सर
ध्रुव बाबु, सुन्यौ यता सर
किन मान्दैन नि तान्छु मै वर !



शिवहाय ! गयौ कता ध्रुव
यसरी रात यहाँ हरे अब
कसरी म बचूँ कहाँ गई
मन यो शान्त गरूँ कसो गरी



अघिसम्म दुवै सँगै थियौँ
छिनमा के हुन गो ? बिछोडियौँ
कि त यो बिपना कि स्वप्न हो
अहँ स्वप्नै बिपना भयो अहो !

वन यो गहिरो छ बीचमा
म छु, लाग्छन् वनजन्तु मार्गमा
कसरी रहने म एउटी ?
कसको निम्ति कुरूँ म यो कुटी ?

(वियोगिनी छन्द)

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ॥ऽ | ॥ऽ | ।ऽ। | ऽ | गणसङ्केत : | ॥ऽ | ऽ॥ | ऽ।ऽ | । | ऽ |
| गण : | स | स | ज | गु | गण : | स | भ | र | ल | गु |

(विषमवृत्तको दस र एघार अक्षरको यस वियोगिनी छन्दमा पहिलो र तेस्रो हरफमा 'स, स, ज' गण र एउटा गुरु हुन्छ भने दोस्रो र चौथो हरफमा 'स, भ, र' गण र एकएकओटा लघुगुरु हुन्छन् ।)

# धन महिमा

– *कविशिरोमणि लेखनाथ पौड्याल*

धनै भए लभ्य छ गाँस, बास
धनै भए मात्र रहन्छ सास
धनै छ सर्वोत्तम सार जे छ
सबै धनैमा लटकी-रहेछ

यसो गरेदेखि यती हुनेछ
यती भए दुर्लभ फेरि के छ ?
भनेर खाली धनका निमित्त
समस्त संसार छ यो प्रवृत्त



पुगी-सक्यो प्राण सबै गलामा
परी-रहेको छ अघोर धामा
तथापि पाए धनको प्रसङ्ग
पुलुक्क हेरीकन हुन्छ दङ्ग

लिएर साधारण भिक्षुलाई
ठुलाठुला भूपतिसम्मलाई
विशाल आशामय पाश हाली
घिसारने मुख्य धनै छ खालि

विरक्त बन्छु, व्यवहार लिन्नँ
कलत्र-पुत्राऽऽदि कुनै म छुन्नँ
भनी मुडायो शिर किन्तु आँखा
बनी-रहेका धनमा चनाखा

गुणी, विवेकी, कवि, साधु, सन्त,
बडेबडे पण्डितजी, महन्त
सबै जनाका धन देखँदामा
हुने दुवै नेत्र बिछट्ट लामा

धनै भए मात्र रहन्छ मान
धनै भए हुन्न फिका जमान
धनै भए बन्दछ बुद्धिमान
धनै भए मिल्छ ठुलो कमान

लिएर शास्त्रीय ठूला किताप
बढाउने हो किन दुःख, ताप
**तवर्ग**का अन्तिम वर्ण खालि
पढेर दोटा बन भाग्यशाली

(उपेन्द्रवज्रा छन्द)

# स्वदेशको माया


*– रामविक्रम थापा*



यो घाम राम्रो अनि यो बिहानी
यो देश मेरो मनको कहानी
नेपाल मेरो रमणीय स्वर्ग
साथी ! मलाई त निकै छ गर्व



जन्मेँ र हुर्केँ म यही धरामा
ताते र तोते मनको जरामा
ज्यादा छ माया मुटुमा मलाई
पाखा-पखेरा मन पर्छ भाइ !




खोला र नाला अनि यी हिमाल
सौन्दर्य राम्रो  छ निकै विशाल
माया मलाई छ यही धराको
छाया छ राम्रो वन-कन्दराको

नेपाल-आमा धरती छ साझा
अग्लो सबैको छ हिमाल राजा
भाषा छ राम्रो अनि भेष राम्रो
नेपाल यो सुन्दर देश हाम्रो

(इन्द्रवज्रा छन्द)

# सल्लाह

– *हरि कट्टेल*



पीडा लुकेका पलमा नहाँस
आत्माभरी सुन्दर प्रेम साँच
छायाँ छरी सुन्दर स्वच्छताको
सन्देश देऊ अब एकताको

संसार उठ्दा उठ, उठ्नुपर्छ
ब्यूँझेर शङ्खै पनि फुक्नुपर्छ
छन् धुन्धुकारी जन, थुक्नुपर्छ
आस्था दुखे अक्षर दुख्नुपर्छ

थोपा मसीमा अति शक्ति हुन्छ
सुक्दा मसी देश उजाड हुन्छ
हाँकेर जाऊ अरु देशमाथि
पुग्छौ छिटो सुन्दर विन्दुमाथि

(इन्द्रवज्रा छन्द)

# स्वर्गको टुकडा


– *महाकवि लक्ष्मीप्रसाद देवकोटा*



पहाडको काख, सफा, हरीयो
आकाश हाँसी, हँसिलो र न्यानो
कुना पियारो, दिललाइ फुल्न
संसारको बीच मलाइ देऊ

श्रीपेच लाई हिउँको सफेद
जस्माथि हेर्छन् सब टाकुराले
जस्मा फुटोस् यो दिल नै उडेर
आकाशमा रङ्ग लिई हजार

ऊँचा भई यो सब देख्न पाऊँ
टाढै बसी यो दुनियाँ-तमासा
देखून् निलो स्वर्गविषे मलाई
हेरूँ म सारा दिल भुल्भुलाई



म एकले खन्न हुने जमीन,
झर्ना र झाडी, रुख एक, झुप्रो
पहाडको काख मलाइ एक
कुना हरीयो दिल फुल्न देऊ


आकाश नीलो र समीर मीठो
पहाडको काख र घाम न्यानो
यो स्वर्ग सानो, यहि एक भाग
संसारको बीच मलाइ देऊ

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# नेपाल

– *जयदेव पौडेल*

वैकुण्ठ कैलाश र सत्यलोक
स्वर्लोक आदि प्रिय पुण्यलोक
चुटुक्क छाडी सब लोकस्वामी
नेपालमै बस्छन रम्य मानी



महेश ब्रह्मादिक देव-देवी
को देव छैनन् नयपाल-सेवी
बिचारदा विश्वविषे विशेष
रहेछ कस्तो नयपाल देश

नेपालको वर्णन लेख्नलाई
हज्जार हाते गरि बाणलाई
खटाउँदा शक्ति नभै नलेखी
यद्वा महाकाल भई बसे कि ?

तमोगुणी बाण र रावणादि
जो देशको नै गरि सेवनादि
हुँदा भए राक्षसमा प्रधान
रहेछ कस्तो नयपाल जान

नेपालको वर्णन गर्नलाई
मुखै दसोटा शिवले गराई
खटाउँदा रावणले नजानी
गएछ लङ्का कि त लाज मानी
(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा,
**गोरख्यायिका महाकाव्य**बाट)



# परदेशमा तिहार

*– लालगोपाल सुवेदी*






आकाशमा बादल नै हरायो
हिमाल चाँदी हिउँ मुस्कुरायो
उद्यानको मग्मग वास आयो
तिहारको रम्झम याद आयो

दिदी र बैनी अनि दाजुभाइ
सम्झन्छ राजै घरले मलाई
लाग्यो अहो हिक्हिक बाडुली रे
ढाक्यो उता आँगन मखमलीले

तिहार त्यो आउँछ एकबार
भैलो र द्यौसी पनि एकबार
यो भित्रको बाहिरको सिँगार
उल्लास हो रम्झम हो तिहार



अर्सा जिलेबी झर सेलरोटी
तिहार यस्तै परिकार हो कि !
चोली छ राम्रो र नयाँ छ टोपी
तिहार नौलो उपहार हो कि !


वस्त्रादि गर्छन् तनको सिँगार
मिष्ठान्न गर्छन् मनको सिँगार
सौभाग्य भर्छन् सबका निधार
दीर्घायुको आसिक हो तिहार

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# युवा

*– राधेश्याम भट्टराई*

युवा जुटे जुट्तछ शक्ति राम्रो
युवा फुटे फुट्तछ शक्ति हाम्रो
यै चेतनाबीज सधैँ छरूँ म
सम्पूर्ण सौन्दर्य यहीँ भरूँ म



म लुम्बिनीमा नवबुद्ध पाऊँ
कलाचुलीका बलबाहु पाऊँ
विकासको शङ्ख फुकूँ म नौलो
निर्माणको दुन्दुभि आज पैलो

युवासँगै उठ्तछ यो हिमाल
युवासँगै उठ्तछ राष्ट्र-भाल
युवासँगै छुट्तछ शक्तिधारा
जाज्वल्य तारा युगका किनारा


अथाह पानी बिजुली युवा हो
अगाध खानी बिजुली युवा हो
छ राष्ट्रयात्रा अऋ ऊर्ध्वगामी
युवा नयाँ स्पन्दन भेट्छ छामी

सुधा छरी यी पहरा भिजाऊँ
सञ्जीवनीका लहरा फिँजाऊँ
ज्वाला बलूँ भर्भर मुक्तिक्षेत्र
थलाथला हून् अब कर्मक्षेत्र

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# स्वदेशका दर्पणमा

*– वासुदेव त्रिपाठी*




स्वदेशका दर्पणमा नियाल्छु
म चारु मेरै प्रतिबिम्ब देख्छु
मेरै मनोदर्पणमा म हेर्छु
स्वदेश ! तिम्रो प्रतिबिम्ब भेट्छु

तराइको मस्त बहार मै हुँ
पहाडको मुग्ध मुहार मै हुँ
हिमालको शृङ्ग छुने शिला हुँ
छु भुल्भुलाऊँ तर सिल्सिला हुँ



अतीत मेरो छ कथैकथाको
सयौँ समुल्लास सयौँ व्यथाको
म सुन्दरी सुन्दर देश-दृश्य
गाऊँ टिपी जीवनको रहस्य



पुर्खाहरूका पदचापतुल्य
छातीभरी छन्द-प्रवाह रम्य
गाथा सुसाऊँ पहराभरी म
श्रद्धा चढाऊँ छहरासरी म

आकाशचुम्बी शिर यो उठाई
जराजराले वसुधा समाई
दिगन्तलम्बी भुजदण्ड मेरो
विराट् हिमाली अनुहार मेरो

देखिन्न यो देश मदेखि अन्य
यो देशबाहेक म शून्यशून्य
अनन्त मै नै म स्वयम् अनादि
विराट् म मै सूक्ष्म महासमाधि

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# मभित्र यौटा कवि गर्छ वास

*– मुकुन्दशरण उपाध्याय*




मभित्र यौटा कवि गर्छ वास
लिएर लाखौँ रविको प्रकाश
म मूर्खका सङ्गतमा परेर
पाएन कैल्यै उसले निकास

ऊ हाँस्न खोज्दा म रिसाइदिन्छु
ऊ हिँड्न खोज्दा म बिसाइदिन्छु
बेमेलमै जीवन गुज्रिँदै छ
बरा ! सधैँ कुण्ठित त्यो हुँदै छ



बिहानमा ह्यूँ-चुचुरा सुनौला
देखेर मेरो कवि नाच्न खोज्छ
म मूढ जस्तै रसहीन जस्तै
कुटो समाईकन बाँच्न खोज्छु

ऊ शब्दमा सुन्दर मात्र देख्छ
म शुद्ध त्यो हो कि अशुद्ध देख्छु
ऊ माग्छ सङ्गीत-कला मचाहिँ
व्युत्पत्ति या शब्द-निरुक्ति लेख्छु

ऊ खोज्छ राम्रो अभिव्यक्ति मात्र
म धूर्तझैँ धाक-रवाफ खोज्छु
ऊ भाव-भोको र विवेक-भोको
म शब्द-आडम्बर मात्र रोज्छु

अन्याय यौटै पनि देख्नुपर्दा
कवित्व मेरो जब मुर्मुरिन्छ
रोकेर त्यो वेग थिचेर भित्रै
मेरो गृहस्थी-शिर यो नुहुन्छ

(उपजाति छन्द=इन्द्रवज्रा+उपेन्द्रवज्रा)

# जुरेली

*– युद्धप्रसाद मिश्र*

झम्म परेको शीतल घारी
निस्के जोडी नभतिर फारी
पल्लव पिपिरा तरुवर चौर
तिमीहरु आपसमा लड्छौ र ?



चञ्चु खुलाए सिउर फुलाए
सुन्दर-सुन्दर खेल मचाए
अलिअलि पल्लवको भर पाए
अलिअलि पुच्छर पङ्ख चलाए



कहिले पदले पात समाती
झुन्डिन सक्ने तरुका माथि
पुतली-सदृश छ रातो पुच्छर
हरिया पल्लवमा अति सुन्दर

कहिले नभतिर फरफर उड्ने
कहिले पल्लव सुरमा बुड्ने
किशलयमा लय हुन्छन् खेली
बोल्छन् मधुरो बोल जुरेली


(पज्झटिका मात्रिक छन्द, **चरा**बाट)



यस पज्झटिका मात्रिक छन्दमा १६ मात्राको एक पाउ हुन्छ ।

# गौँथलीको चिरिबिरी

*–कविशिरोमणि लेखनाथ पौड्याल*



उपर दलिनमा गौँथलि बस्ता
तलतिर उसको मैला खस्ता
म उठेँ सहसा रिसले जागी
त्यो गुँड भत्काउनका लागि
मेरो चुरिफुरि जोस बिचारी
मसिनू तीखो चञ्चु उघारी
भ्रमको पर्दा च्याती ध्यार्र
गौँथलि बोल्यो 'चिरिबिरि-च्यार्र'
तिमिले भन्छौ यो घर मेरो
म पनि कहन्छू यै घर मेरो
वास्तव तिम्रो हो वा मेरो
खूब लगाऊ मनमा फेरो
ईंट-काठको बटुली रास
यो घर ठाडो पार्ने खास
सकल बिलाए कर्मी-ज्यामी
ओत बसेका छौँ अब हामी
शब्द तलामा सुन अरु चर्को
चाँचाँ चूँचूँ गर्दछ अर्को !
जब तिमि सुत्छौ अनि उफ्रन्छ
घरको मालिक मै हूँ भन्छ
मालिकपनको झिक्दै भाउ
आउँछ अर्को गर्दै ङचाउँ
उसकन झटपट झपट दिन्छ
दूध–दही सब चाटी-लिन्छ

यो सब रमिता जानीजानी
किन तिमि गर्छौ मुफत रिसानी ?
बस तिमि तेही आसनमाथि
मकन पियारो मानी साथी
भौतिक सम्पति अरब कमाऊ
जल-थल-नभ सब टम्म जमाऊ
त्यसमा तिम्रो उन्नति छैन
त्यो सब सपनाको हो चैन
दीन-दुखीमा करुणा राख
प्रेम-सुधारस भरसक चाख
होउ चराको चेलो आऊ
चेतन-चोला सफल गराऊ
देखी तिमिकन लायक पात्र
आज बनाएँ मैले छात्र
अब कति पारौँ घाँटी घ्यार्र
सबसित भन यो 'चिरिबिरि-च्यार्र'

(पज्झटिका छन्द)

# वसन्त-कामना

*– कृष्णप्रसाद पराजुली*

तरु जीर्ण थिए सब पात झरी
कलिला मृदु पल्लव फेरि भरी
धरतीतल यो जति सुन्दर भो
त्यति नै खुस भो अरु अन्तर यो !

मधुमास भयो जब यो रसिलो
अनि जून खुलेसरि भो हँसिलो
कुन गाउँछ रे कुन कल्कल हो
मनको झरना पनि सल्बल भो !

अरु लेक फुलोस् अरु फाँट झुलोस्
अब शोक नहोस् अब भोक नहोस्
निमिट्यान्न हऊन् सब दुष्ट कुरा
श्रमसिर्जनमा भरियून् चुचुरा



जनका मनमा जति भाव बहे
कति पूर्ण भए कति शेष रहे
तिनले पनि ता अब फुल्नुपर्‍यो
नव-उन्नतिमा सब खुल्नुपर्‍यो



पथ स्वस्थ भए मन शान्त हुने
मन एक भए सब लक्ष्य छुने
अधुरा जति छन् सपनाबिपना
परिपूर्ण बनून् यसरी भवमा

(तोटक छन्द)

# आदर्श राघवबाट

*– सोमनाथ सिग्द्याल*



रामको धर्म नै कामको मर्म भो
धामको दीप भो यामको सीप भो
नीतिको जीव भो प्रीतिको नीव भो
भीतिको हेतु भो रीतिको सेतु भो

धर्म नै मूल हो अर्थमा काममा
धर्म नै पूल हो मोक्षका धाममा
धर्म नै बीज हो शान्ति आराममा
धर्म नै चीज हो तेजिला नाममा

राम जागा हुँदा धर्मको मार्गमा
फैलियो भावना भव्य भूभागमा
शक्तिले पूर्णता पाउँदा केन्द्रमा
सोभियो तेजिलो चाल आवर्तमा



यागमा रागले दानमा मानले
भक्तिमा शक्तिले नीतिमा प्रीतिले
रामको भावना कामको साधना
तेजिलो जानियो स्वादिलो मानियो

(स्रग्विणी छन्द)

गणसङ्केत : ऽ।ऽ ऽ।ऽ ऽ।ऽ ऽ।ऽ
गण : र र र र (अक्षर १२)

# युवासँग

*– पुरुषोत्तम भट्टराई*

तिरिरि तिरीरिरि बाँसुरी बजा
जतिजति बज्दछ दिन्छ क्या मजा
सरगम पस्दछ भित्र चित्तमा
अनि मन डुब्दछ खूब हर्षमा



मधुर मनोहर गीत सुन्नमा
ललित पदावलि पद्य लेख्नमा
अतिशय चञ्चल बन्छ चित्त यो
झनन बज्दछ तारभित्रको

यस वयमा अब ज्ञान-माधुरी
बटुल सकेजति सीप चातुरी
मधुमय गीत र वाद्ययन्त्रको
गर उपयोग छ शान्तिमन्त्र यो



नपस कुनै पनि राजनीतिमा
नफस नशालु अनार्य रीतिमा
पढ सब शास्त्र निनादमा फस
सरगम जान धनाढ्यझैं बस

(मालती छन्द)



गणसङ्केत : ।।। ।ऽ। ।ऽ। ऽ।ऽ
गण : न ज ज र (अक्षर १२)

# के सम्झँदा हुन् अब भानुभक्तले

*– टीकाराम शर्मा पौडेल*

सुरेन्द्रको खै अमरापुरी कहाँ ?
कुवेरको खै अलकापुरी यहाँ ?
सुरम्य धर्ती किन डुब्छ रक्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !

घाँसीकुवामा जल खै र पाउनु
प्यासी हुँदामा रगतै अचाउनु
निश्वास फेर्ने कसरी अशक्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !

ढुङ्गामुढामा नरमुण्ड-मुण्ड छन्
ती मुण्डमा स्याल र गिद्ध-झुन्ड छन्
आदर्श बिर्से किन रामभक्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !



अनेकतामा जुन एकता थियो
भाषा उनैको जन-एकता थियो
एकत्व बिर्से किन यी प्रमत्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !

जुटे भने भाइहरू उचालिए
फुटे भने भाइहरू खसालिए
स्वदेश फोर्छन् किन देशभक्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !

जो मातृभाषा पनि हेय गर्दछन्
अस्तित्व आफ्नै नरहेर मर्दछन्
तथापि फुल्छन् कुन गर्व-चित्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !



भाषा र बोली जति विश्वमा हऊन्
यै मातृ-उच्चारणमा अटाउँछन्
जिब्रो बटार्छन् किन मातृभक्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !


हिमाल आफ्नो शिरमा हुँदाहुँदै
पीयूषभाषा मुखमा छँदाछँदै
दासत्व ओढ्छौं किन भ्रान्त-चित्तले ?
के सम्झँदा हुन् अब भानुभक्तले !

(उपजाति छन्द=वंशस्थ+इन्द्रवंशा)

# तथापि फुर्दैन कवित्व हारियो


*– कोमलप्रसाद पोखरेल*

चुरोटमा दैनिक नोट साटियो
आजन्म घाँसी हुन घाँस काटियो
कपाल-दाह्री लटरम्म पालियो
तथापि फुर्दैन कवित्व हारियो



बनी भवानीपति भस्म लाइयो
उमा सती जीवित देख्न पाइयो
त्यसो हुँदा भाव सबै गुमाइयो
तथापि फुर्दैन कवित्व हारियो

बनी मपाईं 'कवि' लेख्न थालियो
तथा अनेकौँ उपनाम हालियो
गमक्क गम्की कविता सुनाइयो
तथापि फुर्दैन कवित्व हारियो



चोरी कसैको कविता छपाइयो
रुन्डै पुरस्कार त्यसै पकाइयो
स्रष्टा महान् बन्न जुँगा मुसारियो
तथापि फुर्दैन कवित्व हारियो

प्रभातको शीतल स्वच्छ वातमा
उद्यानको सुन्दर भाव साथमा
पक्षीहरूसाथ स्वयम् कराइयो
तथापि फुर्दैन कवित्व हारियो

(उपजाति छन्द=वंशस्थ+इन्द्रवंशा)

# मृत्युञ्जय महाकाव्यबाट

*– भानुभक्त पोखरेल*



हेर्दा सदा सुन्दर यो वनस्थली
मभित्र झुन्क्यो रसभावको कली
जस्तासुकै मानिस बन्दछन् कवि
सद्भावले हिर्दय पग्लिएपछि

स्वदेशको स्वार्थ भुली बृहत्तर
स्ववंशको स्वार्थ बनाउनातिर
ढल्क्यो भने शासक सिंहको मन
ठाडै उजाडिन्छ समाज-कानन

बाँचे भने जाति र देश संस्कृति
नेता व्यवस्था कति आउँछन् कति
आधारभूमि स्थिर उर्वरै रहे
सहस्र बीजाङ्कुर उम्रन्यै भए

फेरिन्छ नेता बदलिन्छ पद्धति
चालिन्छ अर्कै परिपाठले गति
कैल्यै नमर्ने र ननासिने धन
हुन् देश सत्ता जनता-जनार्दन

(उपजाति छन्द=वंशस्थ+इन्द्रवंशा)

# प्रगति

*– विष्णुप्रसाद धिताल*



जब थिएन कुनै गति साधन
त्यहिँ भए बस, कार अनेकन
तर भएन सही परिचालन
प्रगति नै गति हो तर के भयो ?

प्रकृतिका कृतिमा अति गौरव
हुनु थियो नहुँदा भइ रौरव
वन उजाड सबैतिर नाङ्गियो
प्रगति नै गति हो तर के भयो ?

जति भए गरिमामय योजना
उति भए छलछाम धनाढ्यमा
ठगिनमा अगुवा जनता भए
प्रगति नै गति हो तर के भए ?



सरहकै अरु देश कहाँ पुगे
प्रविधिका चुचुरा कति नाघिए
तर रछ्यानतिरै दुनियाँ रह्यौँ
प्रगति नै गति हो तर के गर्‍यौँ ?

(द्रुतविलम्बित छन्द)



गणसङ्केत : ।।। ऽ।। ऽ।। ऽ।ऽ
गण : न भ भ र (अक्षर १२)



# आदर्श राघवबाट

– ***सोमनाथ सिग्द्याल***

कता गो कता गो हरायो अँध्यारो
यता भो उता भो उज्यालो उघारो
उदायो सदा योग आनन्दकारी
खुलायो खुला योजना शान्तिधारी

उषाको सुनौलो भकुन्डो हरायो
निशाको रुपौलो घुमी फेरि आयो
नयाँ खेल आकाशमा खेलिनाले
निहारेर ताराहरू हेर्न थाले

फिँजारी-रहेको रुपौलो छ सारी
सितारा भरेको पछ्यौरा छ भारी
जडी माथमा फूल हीरा जडाउ
जुनेली निशाको चल्यो हाउभाउ

व्यवस्था छ दैवी न तिम्रो न हाम्रो
अवस्था स्वयम् हुन्छ राम्रो-नराम्रो
नलाग्नू कुबाटो नखानू हरेस
भरोसा लिनू देवको यो छ बेस

उही देश हो वस्तु सारा उनै छन्
उही स्थान हो चालमाला तिनै हुन्
खुसी दैवले हाल अर्कै गरायो
जगत्को नयाँ स्वाद चर्को दिलायो

विनाचन्द्रमा चन्द्रिकाको प्रकाश
हुँदै हुन्न यस्तै व्यवस्था छ खास
जहाँ होस् जसो होस् सदा एकनास
उदाई यिनैसाथ गर्छिन् विलास

(भुजङ्गप्रयात छन्द)

गणसङ्केत : ।ऽऽ ।ऽऽ ।ऽऽ ।ऽऽ
गण : य य य य (अक्षर १२)

# कुञ्ज


– क.दी.

बडो शान्त यो कुञ्ज गुञ्जायमान
चरी चिर्रले गुन्जिने आसमान
नयाँ जन्म पाए यता यी कराए
उता पूर्वमा लाल गोला उदाए

उज्यालो भयो कुञ्ज यो पातपात
उज्यालो जवानी रह्यो हातहात
चरा कुञ्जका ती गरी 'चेकचेक'
कता गै बिलाए सबै एकएक

गरी शून्य यो कुञ्ज छाडे सबैले
चले चर्न चारा चरा ती चुचाले
भयो साँझ भन्ने जसै चाल पाए
कराएर आए यहीँ यी निदाए

(भुजङ्गप्रयात छन्द)



# उज्यालो र हाँसो कसैले दिएनन्

*– मोदनाथ प्रश्रित*



सबै सूर्य आए उज्यालो लिएर
गए साँझ छाडी डढेको अँध्यारो
उज्यालो सधैँलाइ छोडेर जाने
कुनै सूर्य खै आजसम्मन् मिलेनन्

लिई फूल आए गए छोडि ढुङ्गा
कुनै बन्धु खै फूल छोडी गएनन्
सबै यार मुस्कान बोकेर आए
गए अन्त्यमा आँसुको मूल फोरी
सधैँलाइ हाँसो यहीं छोडिजाने
यहाँ खै त प्रेमी कुनै भेटिएनन्



भयो, सूर्य हो ! मित्र हो ! भो नआओ
कती हेर्नु दुःखान्त तिम्रो कथा यो ?
उज्यालो र हाँसो सधैँ छोड्न सक्ने
भएदेखि आओ म खोल्दिन्छु दैलो

(भुजङ्गप्रयात छन्द)

# अनिच्छाव्रत

– *महानन्द सापकोटा*



न पैसा थुपार्ने तितो तिर्सना छ
न ता राजसम्मानको वासना छ
कतै जान्नँ ठूलो थलो ठाउँ खोजी
सदा बस्न तल्ला पिरामा म राजी

पुछे आँसु जस्ले दुखीका गएर
उनैको म सेवा गरौँला नुहेर
दिने दीनलाई दयापूर्णसाथ
दिनेको हुनेछू म दासानुदास

न मिल्दा छ निन्दा मिलेमा प्रशंसा
हुँदा गर्व गर्छौं गयो हुन्छ सुर्ता
सबै द्वन्द्वको मेख मार्ने अनिच्छा
अनिच्छाव्रतीको कतै छैन शङ्का

अनिच्छाव्रती शान्तिमा गर्छ वास
अनिच्छाव्रतीको जगत् हुन्छ खास
अनिच्छाव्रती हुन्छ निर्भीक आँटी
अनिच्छाव्रतीकी कमारी छ शान्ति

सदा सत्य शिक्षा सबैमा सुनाई
जहाँ जुर्छ जे तेसमा नै रमाई
गरी कर्म कर्तव्यमा भावनामा
बितोस् जन्म त्यस्को जगत्का कुनामा

(भुजङ्गप्रयात छन्द)

# राम–लक्ष्मण संवाद

*– कुलचन्द्र गौतम*



राम : मसरि भरतजीमा प्रेम राखेर बस्नू
'कसरि, किन ?' नभन्नू सर्वदा शान्त बस्नू
विनय लिइ बुबाको चाकरी नित्य गर्दै
हृदय दिइ मुमाको खूब हेर्चाह गर्नू

लक्ष्मण : रहिनँ अघि रहूँला आज छुट्टा म केको ?
उहि छ फगत मेरो जे छ इच्छा हजुर्को
भिरिकन अब डोको खन्ति खुर्पा र खुर्पी
लिइकन पछि लाग्छू साथसाथै हजुर्को

राम : मसँग तिमि हिँडेमा पीर पर्ला बुबामा
तिमि पनि नरहेमा कष्ट होला मुमामा
यहि बुझि तिमिलाई साथ लैजान मैले
सकिनँ र 'नरिसाऊ' भन्दछू लच्छु ऐले

लक्ष्मण : प्रिय भरत छँदै छन् पीर केको बुबामा ?
म पनि यहिँ रहेमा कष्ट होला मुमामा
हजुर फगत एक्लै दण्डकारण्य पस्ने
कसरि दुइ मुमाले प्राण राखेर बस्ने ?

राम : भरत सहित छैनन् साथ शत्रुघ्न छैनन्
म पनि हिँडिसकेको यो अवस्था भएमा
फरक भइ बुबाको ख्याल बिल्कूल छाडी
तिमि कसरि सरासर् आउने लौ पछाडि ?

लक्ष्मण : खबर असल यस् पो की गयो हो कि जाला
भरतहरु तुरुन्तै गम्कँदै आउनेछन्
परजन पर सारी मन्सुबा पूर्ण पारी
मिलिजुलिकन भारी हर्ष बर्साउनेछन्

(मालिनी छन्द)

राम : रैती र राजपरिवार सबन्धुवर्ग
प्रीति प्रफुल्ल तिमिमा असमान हुन्छन्
यिन्लाई कष्ट नपरोस् भनि यत्न गर्छु
मेरो मुराद बुझिदेउ न भाइ लच्छु !

(वसन्ततिलका छन्द, **राघवालङ्कार**बाट)

**वसन्ततिलका छन्द**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ | |
| गण : | त | भ | ज | ज | गु | गु | (अक्षर १४) |

# धोबिनी

*– भीमनिधि तिवारी*

चर्चर् चिरिक्क चिरिरी चुरुर्र चिर्चिर्
चौंचौं चिचिर्र चचरी चुचुरी चचःचिर्
कस्तो कला ! मधु गला ! दिल हुन्छ दङ्ग
ए धोबिनी ! म पनि सिक्छु उही तरङ्ग



आएर बस्छ तरुमाथि जसै थपक्क
फर्कन्छ अन्यतिर मस्त भई फरक्क
केही फुलाउँदछ अङ्ग र बोल्छ चुर्र
उल्लासपूर्ण अनि उड्दछ भुर्रभुर्र

कैले नचाउँदछ पुच्छर फर्रफर्र
कैले घिसार्छ भइँमा अनि सर्रसर्र
कैले फिँजाइ पर काम्दछ थर्रथर्र
दौडन्छ अड्छ अनि गाउँछ चर्रचर्र

मैन्हौंभरी हरघडी भरसाँझसम्म
कस्तो निरन्तर प्रसन्न छ यो अचम्म !
इच्छा छ बान्धव जहान समाज छाड्न
चाहन्छु तैँसरि फिरन्त भएर उड्न

भूलोक हो नरकतुल्य निकृष्ट देश
सन्तोष शान्ति सुख छैन यहाँ निमेष
स्वर्गीय दूत यसमा किन हो नि आयो !
सम्झेँ वसन्त अब स्वागत गर्न आयो

(वसन्ततिलका छन्द, कविता '**नन्द**'बाट)

# साँचो कला

*– देवी नेपाल*

चोखो भएन असिना पसिना श्रमीको
साँचो भएन सपना बिपना कसैको
उर्लिन्छ छाल सरिता गति रुक्नु हुन्न
साँचो कला समयका अघि झुक्नु हुन्न

झर्छन् अनन्त नवसिर्जन कोपिलामा
फुल्छन् सुरम्य कविता श्रमका शिलामा
बग्छन् हजार खहरे मन लुक्नु हुन्न
साँचो कला समयका अघि झुक्नु हुन्न

पोखे अनन्त सृजना मन रित्तिँदैन
कैल्यै खिएर रविको छवि सिद्धिँदैन
बिर्सेर तुच्छ करमा कृति पुग्नु हुन्न
साँचो कला समयका अघि झुक्नु हुन्न

सौन्दर्य, शिल्प, लयमा मन पोख्नुपर्छ
टप्केर शीत मुटुको कृति भिज्नुपर्छ
घोचेर तीक्ष्ण पदले कवि दुख्नु हुन्न
साँचो कला समयका अघि झुक्नु हुन्न

पङ्किन्छ एक कविता अनि शक्ति ढल्छ
पोखिन्छ भाव सरिताबिच अग्नि बल्छ
हो जिन्दगी हिमनदी अब सुक्नु हुन्न
साँचो कला समयका अघि झुक्नु हुन्न

(वसन्ततिलका छन्द)



# मैले वसन्ततिलकासित प्रीति लाएँ

*– गोविन्दराज विनोदी*

देख्तै छु **मात्रिक** भइन् अति पूज्य वृद्धा
**पृथ्वी** बसिन् हृदयभित्र बनेर श्रद्धा
श्री **स्रग्विणी**प्रति सुपुष्प उनी चढाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

रोई बसिन् **शिखरिणी** नयनाम्बु झारी
ती **स्रग्धरा** पनि हिँडिन् दृग वक्र पारी
**शार्दूल**मा छ अति गर्व भनी ठम्याएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

देखेँ निकै बिरसिलोपन **मालिनी**को
साह्रै छ मत्तपन यौवन **शालिनी**को
ती **स्वागता** पर गइन् स्मृतिमा सजाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

**आक्रान्त** छिन् दिनदिनै किन कुन्नि **मन्दा**
सङ्कोच लाग्छ मनमा **उपजाति**भन्दा
ली **पञ्चचामर** महोत्सवमा डुलाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

लाग्ने सदा भय **भुजङ्गप्रयात** देखी
गर्दै छ लौ ! मसित **तोटक** खूब सेखी
प्यूनै परेन **मदिरा** म त्यसै अघाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

छन् मर्म धेर मनभित्र **वियोगिनी**का
बस्छे कुटीतिर **अनुष्टुप** योगिनीका
उत्ताउलो अधिक **मत्तमयूर** पाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाए


आए पनि **द्रुतविलम्बित** शान्ति छैन
**वंशस्थ**बाट दिल कत्ति खुसी हुँदैन
मथ्दा विचार-रस यै नवनीत पाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

आइन् यिनी नयनमा मधुमास बोकी
शृङ्गार भाव अनुराग सुवास पोखी
भारी तसर्थ मनको यिनमै बिसाएँ
मैले **वसन्ततिलका**सित प्रीति लाएँ

(वसन्ततिलका छन्द)

# रामायण

*– आदिकवि भानुभक्त आचार्य*



वरिपरि तहिँ तीरै-मा पनी वृक्ष फल्फूल्
भरि छ जउन वन्मा गर्दछन् पक्षिले गुल्
भ्रमरहरु लताका फूलमा हल्लिहल्ली
घुनुनु घुनुनु गर्दै हिँड्दछन् बल्लिबल्ली

नजर वरिपरीको जो छ शोभा नजर् भो
त्रिकुट गिरिउपर्का पूरिमा फेर् नजर् गो
वरिपरि परखाल् छन् बीचबीच्मा छ खावा
सहजसित अरूले गर्न को सक्छ दावा

अति तखत पऱ्याको खुप् अगम् देखि लङ्का
यहि घडि पसि जाँ की राति जाँ येति शङ्का
गरिकन ठहराया याहिँ बस्छू र राती
सहजसित म जाँला जान ता राति जाती

तहिँ बसि यति गम्ले बाँकि दिन् सब् बिताई
दिन बिति जब रात् भो जान पाऊ चलाई
स्वरुप पनि ति सानू ली पस्याथ्या जसै ता
दगुरि नजिक आइन् लङ्किनी पो तसै ता

(मालिनी छन्द, **सुन्दरकाण्ड**बाट)

# सल्लाह

*– पुरुषोत्तम भट्टराई*

मधुर-मधुर बोली बोल मुस्कानसाथ
मुख मधुमय बन्दा भिन्न होला प्रकाश
बुझ न मनुजचोला कर्मको निम्ति होला
असल कति नगर्दा काम धिक्कार होला



दिवसपछि अँध्यारो रात आएर के भो ?
अनि पछि त उज्यालो प्रातकै हुन्छ पालो
हर दिन पुरुषार्थी वीरको हुन्छ पेवा
गर निशिदिन आफ्नो कर्म मिल्नेछ मेवा

जनक र जननीमा नित्य गर्नू प्रणाम
मन, वचन, क्रियाले देशको राख मान
पढ, पढ, पढ व्यर्थै अन्त ध्यानै नदेऊ
मनमन गुन भित्री ज्ञानमा मग्न होऊ



तन, मन, धन आफ्नो देशकै निम्ति अर्प
अब त सहर छाडी गाउँमा घुम्न फर्क
कतिकति छ अशिक्षा कष्ट जानेर आऊ
सकभर जति सेवा गर्न सक्छौ पुऱ्याऊ

(मालिनी छन्द)

# अभिनय

*– बुनू लामिछाने*

अभिनय छ कला यो जिन्दगी रङ्गमञ्च
अभिनय गर शिल्पी जिन्दगी जे कहन्छ
सफल उति हुनेछौ पार गर्दै परीक्षा
सजग कदम हेरी गर्छ द्रष्टा समीक्षा

सुखसित सुख साटी दर्दमा दर्द मान
जति जुन घटनाले दिन्छ त्यै गर्व ठान
अनुभव-भल पोखी बाँच तिम्रा कलामा
सकुशल भर माली प्राण त्यो पालुवामा

अभिनय-पथ चिन्दा बन्छ कर्तव्य ठीक
परिचित नहुँदामा हुन्छ त्यै कर्म-कीट
जब भ्रम दुबिधाले शब्द अल्झाइदिन्छ
अभिनय सुविधाले अर्थ सुल्झाइदिन्छ

(मालिनी छन्द)



# 'स्वर्ग पाउन्'

*– टीकाराम शर्मा पौडेल*

वरपर सब जालो धूमको पत्र कालो
परपर पनि उस्तै घोर बाक्लो तुवाँलो
सबतिर विष मात्रै स्वच्छ हावा हरायो
किन अब धरतीमा प्राण बस्नै डरायो






चिरबिर चिडियाले आज बोल्नै सकेनन्
जलचर जलभित्रै आज खेल्नै सकेनन्
रनबन हरियाली रङ्ग फेर्दै छ कैलो
किन नजरकुनाले मात्र देख्दै छ मैलो

वरिपरि छरिएका अङ्गले व्यङ्ग्य गर्छन्
ढल-मल-भल बग्दै उग्र दुर्गन्ध भर्छन्
विचलित मति बिग्रे स्वर्ग नै नर्क होला
यदि मनमति सप्रे मर्त्य नै स्वर्ग होला



अब सब जन बालौँ चेतनाको दियालो
घरघर बलिराखोस् यो ननिभ्ने उज्यालो
थल-जल-नभ जम्मै स्वच्छतामा रमाऊन्
अनि पछि जुन पुस्ता आउनन् स्वर्ग पाऊन्

(मालिनी छन्द)




# मन

– *ओमी शर्मा*

हिमालको पहाडको अझै अकासमाथि यो
अझै भनूँ त स्वर्गमा पुगेर माथि रुर्छ यो
नयाँनयाँ प्रवाहमा उडेर फाल हाल्छ यो
खुला बनी स्वतन्त्र भै लुकेर पाद चाल्छ यो

छलीछली जताතता प्रभात होस् कि रातमा
उडेर वायुपङ्खझैँ अतीव तीव्र वेगमा
अनेक विश्वभित्रमा डुलीडुली चहार्छ यो
घुमीफिरी जहाँ गए सुटुक्क भित्र पस्छ यो

हिमाल हाँस्छ हाँस्छ यो अकास रुन्छ रुन्छ यो
न हो कुनै त दन्त यो कुँडिन्छ भित्रभित्र यो
सिइन्छ वस्त्र च्यातिए मिलिन्छ मेघ छुट्टिए
न मेघ हो न वस्त्र हो मिलिन्छ फेरि फाटिए



दुखाइभित्र दुख्छ यो भनाइभित्र दुख्छ यो
शरीरको कताकता नदेखिएर दुख्छ यो
सहानुभूति औषधी लिएर मात्र बाँच्छ यो
अनेक तर्कना भरी तुनेर प्रीति साँच्छ यो

(पञ्चचामर छन्द)

# लाँकुरी

– *डिल्लीजङ्ग गुरुङ*

सदैव मग्नमस्त भै फिँजाइ कत्ति माधुरी
विराट् स्वरूपमा सदा खडा भएर लाँकुरी
असङ्ख्य हातले लुटी समस्त वस्तुको कला
गमक्क पर्दछ्चौ तिमी प्रफुल्ल भै पलापला

प्रचण्ड ग्रीष्म-सूर्यको कठोर ताप हर्दछ्चौ
नवीन पत्र-झुन्डमा हवा भरेर नाच्तछ्चौ
प्रभात-बाल-सूर्यको लुटेर रश्मि मञ्जुल
तिमी गमक्क पर्दछ्चौ गरेर भव्य नक्कल



धनी-गरीब जोसुकै तिमी समान ठान्दछ्चौ
लिएर एक भावना दया गरी अँगाल्दछ्चौ
प्रचण्ड ग्रीष्म धूपमा सुधासमान बन्दछ्चौ
हरेक पान्थको तिमी प्रस्वेद-विन्दु पुछ्तछ्चौ

छ अर्पणीय वस्तु के तिमीसुहाउँदो मुमा ?
उदात्त भावभक्ति नै चढाइदिन्छु पाउमा
रहन्छ प्राणवायुको घिटीघिटी जहाँतक
म गर्छु पूर्ण वन्दना छ यै सुहाउँदो हक

असभ्यबीच जन्मियौ असभ्य ठाउँमा सऱ्यौ
असभ्यकै जमातमा बढेर पूर्ण मौलियौ
परन्तु सभ्यता दिई बढाउ देश-गौरव
म जान्छु दूरदेशमा भएँ बिदा गएँ अब !

(पञ्चचामर छन्द, **लाँकुरी**बाट)

# भावी शहीद

– *युद्धप्रसाद मिश्र*

वितण्ड ढोल बेसुरा फुटाउने म दण्ड हुँ
विनाशको जरो उखाडने महाप्रचण्ड हुँ
उता शहीदका विधान च्यानमा कराउँछन्
यता कदम्-कदम्हरू सशक्त हुर्दुराउँछन्

गरेर भीष्म-वन्दना उठाइ व्योममा भुजा
म गर्छु व्यक्तिवादका प्रथा सबै धुजाधुजा
समाजको व्यथाउपर् म जिन्दगी लुटाउँछु
समर्थ भै हिमालको समाधि त्यो टुटाउँछु

म दानवी प्रमत्त दुष्कटाक्षमाथि खेल्दछु
मनुष्यलाइ काटने म दन्त ती उखेल्दछु
ढलाइदिन्छु पक्षपातका सबै निकेतन
म न्यायको जगातमा जगाउँछू हुतासन

म भन्दछू समाजको गगन् पवन् वसुन्धरा
करोडको भलाइमा म तोड्दछु परम्परा
हटाइदिन्छु दुर्निशा गरीगरी निघर्षण
म खूनको सिहाइले बचाउँछू महाप्रण

बनेर अग्नि-युद्धको ढलाइदिन्छु विक्रय
मिसाल हूँ म पक्रने बिनालगामको हय

(पञ्चचामर छन्द, **बाढी**बाट)



# **मुनामदन**बाट

*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*

**मुना** : "सपना मैले के देखेँ आज ? भैँसीले लघाऱ्यो
यो मुटु काँप्छ त्यो भैँसी सम्झी हिलामा पछाऱ्यो
बज्यै ! भैँसीले लघाऱ्यो"

**आमा** : "बुहारी मेरी ! शीतको सपना पिर्दैन खराब
खराब सपना त्यो बिर्सिजाऊ डरले नकाँप
फुलेको शिर म थापिदिन्छु सबै त्यो खराब
हे छोरी जस्ती बुहारी मेरी ! त्यसरी नकाँप"

**मुना** : "दाहिने आँखा फर्फर गर्छ मनमा लाग्यो पीर
कहाँ हो कहाँ मुटुमा दुख्छ घुम्दछ मेरो शिर
आमा र बाबु स्वर्गमा मेरा टुहुरी अजान
हजुर नै आमा हजुर नै बाबु खोल्दछु मुहान
बज्यै ! मनको मुहान"



**आमा** : "कसैका माथि कुभलो हाम्रो मनमा बसेन
पापको छाया यो हाम्रो सानो घरमा घुसेन
दैवले देख्छ सोझाको दर्द दैवले हेर्दछ
दैवको वज्र ओर्लेर आए ममाथि पर्दछ
फुलेको केश, ममाथि पर्दछ !"

**मुना** : "धेरै नै भयो खबर केही आएन ल्हासाको
चिठीको भर पर्दछ बस्नु चिठीको आशाको"

**आमा** : "बेपारीलाई कामको भीड फुर्सद पाएन
लेखुँला भन्दै भुलेको होला त्यसैले आएन
वनको बाटो टाढा भै आएन"

(झ्याउरे छन्द)

प्राय: सोह्र अक्षरको एक हरफ हुने यो नेपाली लोकलयलाई झ्याउरे छन्द भनिन्छ । यो छन्द नेपाली लोकलयको असारे भाकामा पर्छ । यस छन्दमा पाँचौ, दसौँ र सोह्रौँ अक्षरमा विश्राम हुन्छ ।

# गुरु

*– बालकृष्ण सम*

प्रह्लाद : गुरु यी शिष्य साराका, विष्णु नै गुरुका गुरु !

खुवाउनेहरूलाई भन्नु हुन्न खुवाउने
त्यै हो खुवाउने जल्ले मुख अन्न दुवै दियो !

सुनाउनेहरूलाई भन्नु हुन्न सुनाउने
त्यै हो सुनाउने जल्ले कान शब्द दुवै दियो !

त्यै हो देखाउने जल्ले दृष्टि दृश्य दुवै दियो !
त्यै हो पढाउने जल्ले बुद्धि अर्थ दुवै दियो !

पढाउँछु भनी गर्व गर्नुहुन्छ भने गुरु,
गएर एउटा चिल्लो ढुङ्गालाई पढाउनोस् !

फेन : कुमार, कान प्यासा छन्, हामी विज्ञान पढ्दछौँ,
यो मर्छ किन रोएर, ज्ञान हाँसेर मर्दछ ?

प्रह्लाद : ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ !


संसारमा हरे ! यस्ता विद्यार्थी मनका घडा
विषले मर्दछन् धूर्त घमन्डी पातकीहरू !

(अनुष्टुप् छन्द, **प्रह्लाद नाटक**बाट)



# माछापुच्छ्रे / पोखरा

*– मुकुन्दशरण उपाध्याय*



जस्तो सगरमाथा छ विश्वमै उच्च पर्वत
त्यस्तै यो पोखराभित्र माछापुच्छ्रे हिमाल छ
काखमा पोखरा राखी चोरेर कविको मन
यो हिमाल बसेको छ सखातुल्य बनीकन

चुच्चो सलक्कको यौटै देखिन्छ तलबाट त
उडेर माथि गै हेर्दा माछापुच्छ्रे तनाम छ
यो दिव्य पोखरालाई जे पैह्रायो बिलाउँछ
माछापुच्छ्रे भने टोपी असाध्यै नै सुहाउँछ

कर्के टोपी लगाएर नेपाली जब हाँस्तछ
माछापुच्छ्रे हिमालैको उपमा हुन पाउँछ
चुच्चे राष्ट्रिय झन्डाको टोपी पैह्रेर शोभन
माछापुच्छ्रे अहा ! हेर्छ गम्कँदै ताल दर्पण

नेपाल नामको 'टीकी' पैह्रिन्छिन् जो वसुन्धरा
त्यै टिकीको पनी 'टीकी' हो यो सुन्दर पोखरा
कतै ताल कतै साल कतै माल विचित्रका
देखदा देखने मान्छे स्वयम् हुन्छन् विचित्रका

उता हिमाल चम्किन्छ त्यता शुक्ला सुसाउँछिन्
यता यी पोखरा-लक्ष्मी हाँसीहाँसी रमाउँछिन्
यसको लेख्न पर्दैन काव्य या चित्र वास्तव
पोखरा छ स्वयम् काव्य स्वयम् अद्भुत चित्र छ

(अनुष्टुप् छन्द, **प्राकृत पोखरा**बाट)

# नवरस

– *दैवज्ञराज न्यौपाने*



कठै ! ती किन पो रोइन् ! आँसु भल्भल आउँछ
कस्तो अद्भुत संसार देख्तै छक्क बनाउँछ



म नाच्छु अग्निको भेल हुन्छ उत्साहको बल
चोलीले कसरी छेक्ला बालाको बैंस सुन्दर !




डस्ला गोमन लौ आयो ! अर्को रै'छ अजिङ्गर
ए पुड्के तँ कता हेर्छस् देख्तै छस् कि कतैतिर



क्रोधले रन्थनाएर दाँत त्यो कट्कटाउँछ
कस्तो पीप बगेको छ छिः दुर्गन्ध चलाउँछ

म शान्त कविताभित्र दिव्य दर्शन पाउँछु
सबैको जय होस् भन्छु शान्ति सङ्गीत गाउँछु
(अनुष्टुप् छन्द)



# खोजेको छ अँध्याराले

– ***घनश्याम कँडेल***

अझै नि जिल्लिएका छन् वसन्त पर्खनेहरू
घाँटीमै स्वर अड्कँदै मौन छन् कोइलीहरू

सकेको छैन उन्मुक्त हावा डुल्न यहाँ अझै
अझै हिँड्दै छ बोकेर त्यो दुर्गन्ध अतीतकै

अझै आकाश ढाकेर बस्ने गर्दछ बादल
अझै आँगनमा घाम लागेको छैन झलमल

मीठो जीवन-सङ्गीत अझै सकेन गुन्जन
सकेन स्वाँगले मात्र कसैको दिल नै छुन

जहाँ जाल फिँजाएर गर्ने गरिन्छ स्वागत
कसरी मान्छ मान्छेले आफूलाई सुरक्षित ?

को सक्छ बिजुलीको त्यो झिलिक्कमा रमाउन
खोजेको छ अँध्याराले जहाँ कब्जा जमाउन

(अनुष्टुप् छन्द, **जीवनका सन्दर्भहरू**बाट)



# नारी : अनेक रूप

– *प्रभा भट्टराई*

सृष्टिकै मूल हो नारी आदिशक्ति तपस्विनी
कहीँ निन्द्य कहीँ स्तुत्य दुई पाटा छ जीवनी

घर धान्छे उही, धान्छे अनेकौँ काम बाहिर
जस पाउन्न व्यर्थैमा खप्की खान्छे दुवैतिर



जाँतो चलाउँथी नारी आफै जाँतो बनी अब
हजारौँ सपना पिन्दै दिन-रात निरन्तर

आगो हो रापिली नारी सल्किन्छे, भर्भराउँछे
उज्यालो पार्दछे कैले कैले भस्म गराउँछे

बोले ऊ दुर्मुखा बन्छे नबोले बन्दछे खुनी
ऊ सन्तुलनको आशा गर्छे थाक्तिन तैपनि

सहन्छे, सहँदै जान्छे पटक्कै प्रश्न गर्दिन
परे ज्वालामुखी बन्दै पड्किन्छे पछि पर्दिन

(अनुष्टुप् छन्द, '**सृष्टिकर्ता**' कवितासङ्ग्रहबाट)

# एक्काइसौँ शताब्दी


*– नारायणप्रसाद अधिकारी*



टिभी टाँसेर छातीमा कम्प्युटर निधारमा
यन्त्र-मानवका हात-खुट्टा जोडी शरीरमा
कानमा फोन थापेर चहार्दै अन्तरिक्षमा
एक्काइसौँ शताब्दी यो ओर्लिएको छ धर्तिमा

अन्धविश्वास गल्दै छन् पुराना परिवारझैँ
वाद-सिद्धान्त ढल्दै छन् जर्मनी परखालझैँ
क्षुद्र सङ्कीर्णतालाई मिल्काएर कताकता
विश्वबन्धुत्वका लागि जागोस् उच्च मनुष्यता

नयाँ मानिसका लागि नयाँ संस्कार रोपियोस्
नयाँ चिन्तन जिज्ञासा आविष्कार बढाइयोस्
मान्छे भैकन मान्छेको मासु लुट्नु अधर्म हो
मान्छे भैकन मान्छेको आँसु पुछ्नु स्वधर्म हो



मान्छे ! मिल्काइदे स्वार्थी सिमाना राष्ट्रराष्ट्रका
विश्वबन्धुत्वका निम्ति साँघुरो भो वसुन्धरा
यौटै मानवतामात्र रहोस् संसारमा अब
एक्काइसौँ शताब्दीको त्यसैले गर्छ स्वागत

(अनुष्टुप् छन्द)



# मेरो राजा

– *'गाउँले' बलदेव*



हिजोआज म झस्कन्छु नारायण कतै सुने
नारायणहिटी सम्झी अहिलेसम्म तर्सने ?
एघारै महिनाबाट एक वर्ष पुगोस् बरु
नआओस् जेठ फर्केर डराए ममताहरू

उन्नाइस गतेभन्दा बीस विश्वासिलो भयो ।
शुक्रबार कहाँ हो र ? पापी त्यो दैत्यबार हो
हत्याको नाउँमा जस्सै वज्रयान भएपछि
गयो संसारकै सातो समाचार सुनेपछि

महाभूकम्पको झट्का पूरै ब्रह्माण्डमा पऱ्यो
काँपे ईश्वरका गोडा ढुङ्गाको पसिनै झऱ्यो
मृतसञ्जीवनी किन्न पृथ्वीमा पाइने भए
राजभक्त हजारौँले आफ्नै प्राण दिने थिए

सहारा दिन पाएनन् प्रिय गोरखले त्यहाँ
सौन्दर्य सार वैलायो श्रुतिको त्यै मुहारमा
नीराजन निभे होलान् ऐयाऐया गरीगरी
मर्नुपर्दछ के बाँकी निर्दोषीले यसै गरी ?

(अनुष्टुप् छन्द, **मेरो राजा**बाट)


# सेतो दाह्री

*– कृष्णप्रसाद बस्याल*

संवत्को बीस हो साल जाडो मैना ठमेलमा
हिँड्दाहिँड्दै दृश्य यौटा देखेँ बाटोकिनारमा
मेरा आँखा अनायासै सेता दाह्रीतिरै पुगे
खुट्टा अल्झे जसै लाग्यो मेरा पाउ त्यहीँ रुके

स्वप्न जस्तै कतै लाग्यो आँखा तिर्मिर गर्दथे
हो कि हैन भने जस्तै तरङ्ग कति उठ्दथे
दाह्री पालेर को हो जो त्रिपुण्डक लगाउँछ
घाममा पीठ फर्काई आफ्नै तालु मुसार्दछ

देखेको कहिले हैन चिनेको छु भनूँ भने
मनले किन मान्थ्यो र ! नचिनेको भनूँ भने
'पिँजराको सुगा' लेखी घच्घच्यायो समाजमा
वेदनाको लिई प्रश्न गर्‍यो 'बुद्धिविनोद'मा



असङ्ख्य काव्य लेखेर बृहत् साहित्य-मन्दिर
खडा गर्ने तपस्वीलो देख्ता लागेँ उतैतिर
जोडेर दुइटा हात नमस्कार गरेँ जसै
बोल्ने विषय नै छैन अड्कियो मनमा सबै

घटना भर्खरै जस्तो वर्ष बत्तीस गैसक्यो
उन्को मुहार त्यो दृश्य सम्झनामा दिगो रह्यो
(अनुष्टुप् छन्द, **अभिशप्त सडकको मौन आवाज**बाट)

# बिन्दु

*– वासुदेव अधिकारी*



सिन्धु नाति-पनाती हो म उस्को इतिहास हुँ
लाखौँ रहर झ्याम्मिन्छन् तिनको म निवास हुँ
ढुङ्गाको काप फोरेर म आएको रमाउँदै
तिम्रो सम्मुख घुम्दै छु सृष्टिको गीत गाउँदै



साथीभाइहरूसाथ हातेमालो बढाउँदै
धोद्रिएका ठुटालाई कुहाउँदै-सडाउँदै
वेगवान हुनूभन्दा केही छैन रमाइलो
सङ्घर्षको कथा भन्छ मेरो एकेक पाइलो

मलाई खेतमा डाक तिर्खाको घरमा लग
चैतन्यको करेसामा फुलाऊ फूल मगमग
मान्छेको चाहनालाई फुलाउन-फलाउन
आफूलाई म प्रत्येक क्षण गर्छु समर्पण



ज्यामितिको म हूँ गर्भ धर्का कोर जतातत‍ै
'मै'लाई केन्द्र मानेर सृष्टि घुम्दछ 'मै'सितै
मबाट तानिने धर्का रवि-पुञ्जसमान छ
यो मेरो पाखुराभित्र तमको अवसान छ

तीखो आवाजले छोऊ– त्यहाँ उत्पन्न हुन्छु म
तिमी सङ्ग्राममा जाऊ– तिमीसँगै उभिन्छु म
खोज जीवन्तताभित्र आँखाभित्र जताजता
महको गुलियोभन्दा स्वादिलो छु कताकता

(अनुष्टुप् छन्द)



# नेपालका पन्छी

*– जनार्दनशरण त्रिपाठी*

पृथिवीभरमा अन्य भौगोलिक विशेषता
साथमा राख्छ नेपाल चरामा पनि दिव्यता
सानै होस् देश यो किन्तु नाना सम्पत् समेटिँदा
पन्छी नउसयभन्दा बढी छन् फाल भेटिँदा




कुनै साना कुनै ठूला कुनै चङ्खे कुनै सुधा
कुनै डल्ले कुनै लाम्चे पन्छी यी छन् अनेकधा
कुनै काँ-काँ कुनै कूँ-कूँ कुनै कुर्र कुरुरुरु
च्यार्रचुर्र गरी उड्छन् नाना पन्छी भुरुरुरु

पन्छीले आफनू वास घर रूख भुईं चुनी
गुँड लगाउँछन् नाना-थरीका सीपले गुनी
कुनै बगर या र्‍याल घाँस बाँस भुईं दुलै
भीर दलिन खोपो या जमिन या त्यसै खुलै

हिलो माटो झिँजा झार पातले गुँड लाउने
पन्छीले गर्दछन् धन्दा घरबार सजाउने
मान्छेभन्दा बडो पन्छी मुखमा काम थप्तछ
प्वाँख खुट्टा चुचो चाली अनेकौं बिघ्न खप्तछ

गुँड बनाउने माया गाँस्ने काज कजाउने
चुचाले गर्छ पन्छीले जिन्दगी नै सजाउने
दुई हाते छ मान्छे त चराका तीन हात छन्
उसका गुनका माला सम्झँदा खातखात छन्

(अनुष्टुप् छन्द, **नेपाली वन्य सम्पदा**बाट)



# भन्छ यो लोकनाथ

*– रामबाबु सुवेदी*

डाँडाकाँडा समथरहरू आज नाङ्गा हुँदै छन्
छन् कामेका सरल जनता लालबाला रुँदै छन्
यो पीडामा पनि सगरमै थाम यो उच्च माथ
सिद्धान्ती हो ! नझुक कहिल्यै भन्छ यो लोकनाथ

कालो यौटा युगसित लडेँ क्रूरता-पत्र च्यातेँ
धेरै साथी परपर भए किन्तु डाली समातेँ
आयो नौलो युग तर अझै चेतना छैन साथ
साथी-साथी नफुट यसरी भन्छ यो लोकनाथ



यौटै बाटो खुरुखुरु हिँडेँ हिँड्नु नै कर्म मेरो
दायाँबायाँ झुकिनँ कहिल्यै सत्य नै धर्म मेरो
यौटै धोका अलमल कुनै पाउँदैनौ मबाट
आफ्नो बाटो नबदल तिमी भन्छ यो लोकनाथ

जान्नेसुन्ने सब सहरमा गाउँमा चेतना खै !
बाटघाटा सरल नहुँदा देवकी झन् दुखीझैं
पानीपानी कति दिन भनूँ ! आज जाँदै छु घाट
मेरो बोली पनि सुन प्रभो ! भन्छ यो लोकनाथ

(मन्दाक्रान्ता छन्द)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ | |
| गण : | म | भ | न | त | त | गु | गु | (अक्षर १७) |

# यै छ मेरो निसानी

*– श्रीहरि रूपाखेती*

मैले कैले वरपर घुमेँ ? दानको हात थापेँ ?
मैले ऐले त्रिभुवन घुमेँ दानको हात थापेँ
मैले धेरै दशकपछिको यो प्रजातन्त्र पाएँ
झोला बोकी घरघर डुली सोखले खान पाएँ

मेरो थोत्रो अब भइसक्यो वीरताको निसानी
'दिन्छन् दाता सुहृद' छ यही धीरताको निसानी
चल्ती यस्तै अब चलिसक्यो देश बन्नेछ पक्का
बाढीपैरोसँग जुधिभिडी बाँच्नु मैले छ पक्का

मेरो आस्था विपुल छ यहाँ रित्तिए पेट के भो ?
बग्छन् खोला अतुल जलका प्यास लागेर के भो ?
नेता मेरा चतुर अति छन् माग्न धेरै सिपालु
भत्ता आफ्नो प्रगति जनता-निम्ति थप्ने दयालु

(मन्दाक्रान्ता छन्द)



# पन्छीलाई चेतावनी

– *नुमराज बराल*


हे ! हे ! पन्छी वरवर नआ दूर जा ! दूर जा तँ !
छैनन् स्नेही यस जगतमा मेघभित्रै बिला तँ
तेरो मीठो स्वरलहरमा झर्छ पीयूषधारा
लोहा जस्तो दिल छ नरको हुन्छ बेकार सारा !



झर्दै पृथ्वीतल टपटपी टिप्तछेस् अन्नदाना
बच्चाबच्ची वरपर लिई ख्वाउँछेस् नित्य खाना
गर्दा चुर्चुर् ! चिरबिर ! अहा ! शान्ति-सौन्दर्य झर्छ
त्यै वेला त्यो रस र रङमा डचाङ्ग आवाज गर्छ

काँपीकाँपी थरथर कठै ! मर्छ हा ! बाल तेरो
यै पीडाले जगत सब यो हुन्छ कालो अँधेरो
यस्ता कैयौँ प्रहर सुखका टुट्तछन् बारबार
बिर्सी फेरि भुवनतलमा खेल्न हुन्छेस् तयार !

मान्छे ढुङ्गासरि बनिसक्यो फूल च्यातेर फाल्छ
सङ्ला-सङ्ला जलधिजलमा रक्त घोलेर हाल्छ
धूवाँ लागी हिमशिखरका रङ्ग काला हुँदै छन्
तारा सूर्य ग्रह मलिन छन् आँसु झारी रुँदै छन्



पन्छी तेरो मधुर लयमा गीत गाउन्न कोही
खोस्ने-खोस्नेतिर बढिसके प्रीति लाउन्न कोही
शान्तिप्रेमी जन म हुँ भनी उग्र आगो उकेल्छ
उड् उड् पन्छी अब तँ नझरेस् दन्दनी विश्व बल्छ !

(मन्दाक्रान्ता छन्द)

# नेपाली श्रम र सीप

– *गणेश 'विषम'*



"खोपौँ यौटा अमृत नमुना शुष्क आफ्नै शिलामा
भर्दूँ ज्यूँदो सकल मुटुको धुक्धुकी यै कलामा"
कस्ले बोल्यो यसरी मनका चाहनाको उरेली !
हालूँ आजै म पनि मनका गीत बोल्दै सुसेली–

"गोरू नारी दबदब हिलो खेतमा खेल्न जाऊँ
कोदालाकै चलनगतिमा सिर्जना भेट्न जाऊँ
हामी ब्यूँझौँ मृदु लहरमा कोसिका छालछाल
मान्छे आफ्नै सृजनबलमा बन्छ आफै विशाल

बाँच्छौँ हामी कति दिन यहाँ अर्निकोको कथामा
डोको फाटचो प्रतिदिन घुमी गाँस खोज्ने व्यथामा
हामी आफ्ना रहर जति छन् देशकै निम्ति भाकौँ
छिन्ला नाम्लो तर श्रम त्यही बुन्नमा व्यस्त राखौँ




अङ्गालोमा मधुमिलनको रूपलाई अँगाली
पोल्टामाथी समयहरुको फूलगुच्छा उचाली
उक्लौँ हामी नव-हिमचुली भेट्न नेपाललाई
जस्को ज्यूँदो रगत छ उही भेट्छ नेपाललाई"

(मन्दाक्रान्ता छन्द)

# मोतीको दिव्यज्योति

*– हिरण्यलाल ज्ञवाली*

हाम्रा मोती कविवर तिमी ज्योतिझैँ चम्कँदै छौ
नेपालीका हृदयतलमा गर्वले गम्कँदै छौ
मीठामीठा गजलहरुका साथमा घन्कँदै छौ
यै नेपाली वनचउरमा गीत भै रन्कँदै छौ



नेपालीका दिलदिल पसी राष्ट्रभाषा चिनायौ
खोजी गर्दै घरघर घुमी रामगाथा सुनायौ
पैलो स्रष्टा परिचित भयो ज्योति पाएर तिम्रै
यौटै साझा धडकन उठ्यो प्रीत पाएर तिम्रै

बग्छन् खोला अविरल यहाँ खै त मोती ? भनेर
सारङ्गीको मधुर धुनले खोज्छ मोती भनेर
मेरो अन्तर्मन पनि सधैँ खोज्छ मोती भनेर
घुम्छौ मोती वरिपरि यतै दिव्यज्योति बनेर

(मन्दाक्रान्ता छन्द)


# तरुणतपसीबाट

– *कविशिरोमणि लेखनाथ पौड्याल*

म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ
म बाँचू मै नाचूँ अरु सब मरून् दुर्बलहरू
भनी दाह्रा धस्ने अबुझ शठ देखी छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी

सबै मेरोमेरो भनिकन अघी जीवित छँदा
स्वयम् हाँस्थ्यो हेरी जुन विभव वा दौलत सदा
पछी उस्को देखी क्षणिक मनको अन्तिम गति
उही हाँस्यो ‘तेरो अब कति छ’ भन्दै खितिखिति

चिताको त्यो ज्वाला धपधप बली अन्तिम गति
सबैको यस्तै हो भनि बहुत हाँस्यो खितिखिति
धुवाँ हाँस्तै दौड्यो वितत पथ हाँस्यो गगनको
खरानी झन् हाँस्यो मुख मलिन पारी पवनको



दुखी जाँदा हाँस्यो सहज सुख वा शान्ति अभय
सुखी जाँदा हाँस्यो अति कठिन बाधा अनुशय
दुवैको एकै हो विलय तर हाँसो फरक भो
कसैको त्यै हाँसो सुरपुर कसैको नरक भो

म हाँसेको हाँसोमय छ सबको जन्म-निधन
नहाँसेको एकै चिज पनि कुनै भेट्न सकिनँ
गयो झन्झन् बढ्दै भुवनभर हाँसो निरवधि
जगद्व्यापी हाँस्यो मुसुमुसु चिदानन्द-जलधि

(शिखरिणी छन्द)



गणसङ्केत : ।ऽऽ ऽऽऽ ।।। ।।ऽ ऽ।। । ऽ
गण : य म न स भ ल गु (अक्षर १७)

# चरीको विलाप

– *कविशिरोमणि लेखनाथ पौड्याल*

सिकारीको झम्टा तनबिच परेथ्यो जब अनि
चरी बोल्यो चीँचीँ गरिकन कठै ! व्याकुल बनी
म मर्ने वेला भो तर मनुज ! तिम्रो मनुजता
कता भाग्यो त्यस्को भरसक बुझे है तिमि पता

न सक्छौ यो आँसू टपटप टिपी चप्प पिउन
न सक्छौ मासूले दिनभर अघाएर जिउन
न सक्छौ यो भुत्ला लिइकन कुनै वस्त्र सिउन
चुँड्यौ व्यर्थै मेरो मनुज ! तिमिले जीवन किन ?



दुवै भालेपोथी हरबखत पालो गरिगरी
लगिदिन्थ्यौँ चारा विकल बचराको मुखभरि
अकेली सुत्केरी अब शिव हरे ! दीन बिचरी
गुजारा गर्ली त्यो कसरी टुहुरा पालन गरी

न चाँडो जाने भो सहजसित यो प्राण-पवन
न सक्छू यो बाधा सहन अथवा शान्त रहन
न थामिन्छन् आँसू न त छ अरु क्यै जीवनगति
कठै ! कस्तो पापी कति कुपित यो क्रूर नियति !

दया हो पृथ्वीको अति चहकिलो पारसमणि
दया नै हो कालो भव-जलधिको मुख्य तरणी
दया यस्तो त्यागी मनुज ! किन हिंसातिर झुक्यौ ?
म मर्ने हूँ मर्छू तर तिमि नराम्रोसित चुक्यौ

(शिखरिणी छन्द, **तरुण-तपसी**बाट)

# वनकुसुम महाकाव्यबाट

– *महाकवि लक्ष्मीप्रसाद देवकोटा*


बनी बोका भोका सरस मृदु पोका लहसिने
महा भोका धोकासित महल ढोका पसिलिने
मिठा भौँका रौँका सरस मृदु नौकाकन चढी
मिल्यो मौका लौ खा मन अमृत भन्थे त्यस घडी

बिचाराका चारा मदन रसधारा अऋतक
फुहारा दी सारा रस बहुल तारा ऋकऋक
अँध्याराका कारा नजर दुइद्वारा खुलिकन
कमारा छन् प्यारा नृप कुसुम भाराकन लिन

सधैँ छान्दा तान्दा रस बहुल बन्दा भुटिभुटी
नजान्दा छन् मान्दा मदन रस फन्दाकन मिटी
छ हान्दो छक् मान्दो असि प्रबल तान्दो असि चढी
महा कालो ब्यालो मरण यस पालो यस घडी

ऋरिन् सन्ध्या बन्ध्यासरि अचल अन्धा शिखरमा
छुटी धन्दा फन्दा जन मुदित बन्दा पहरमा
अँध्याराका धारा निशिसँग फुहारासरि ऋरे
रुँदा तारा सारा पिलिपिलि सहाराबिनु मरे

(शिखरिणी छन्द)



# पानी

*– मोदनाथ शास्त्री*


म पानी हूँ नानी जतन गर मेरो दिनदिन
तिमी जन्मी आफै प्रथम जल माग्यौ शुचि हुन
तिमीलाई खाँचो नित छ जलको निश्चय पनि
लुगा धुन्छौ गर्छौ मधुर जलले पाचन पनि

सखा नै हूँ पानी अमृत पनि हूँ रक्षक पनि
यहाँ बाँच्नेछैनन् यदि म नभए जीवन पनि
म हर्ताकर्ता हूँ सकल जनको पालक पनि
मद्वारा नै हुन्छन् भुवन सब सञ्चालन पनि

नफाल्नू पानीमा मलिन अथवा दूषित कुरा
नमानेमा इच्छा जति सब हुनन् नित्य अधुरा
सदा खेती गर्छौ सरस जलको नै बल मिली
सुरक्षा नै गर्नू अमृतजलको लौ सब मिली

मद्वारा नै चल्छन् अनवरत उद्योग सकल
धरामा बग्दै छन् अविरल नदी यी सललल
यिनी धारा जान्नू अमृतमय हुन् राष्ट्रिय धन
यिनी हुन् साँच्चै नै सकल जनका जीवन-धन

(शिखरिणी छन्द)



# जटिल समस्या

– *भरतराज पन्त*

अमन्द मकरन्दको रस लिँदै सधैँ छन्दमा
मिलिन्दसरि मस्त होस् जुनि समस्त आनन्दमा
भन्यो, मनमनै गुन्यो, भल भयो, गयो जीवन
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

प्रभात रसिलो उही, दिन उही, निशा हो उही
उनै रवि र चन्द्रको उदय-अस्त यात्रा उही
उही छ ऋतुको छटा, फरक लाग्छ रे स्पन्दन
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

गयो अब शनैः शनैः सललझैँ जवानी पनि
रह्यो क्षणिक सम्झना झलझली कहानी बनी
गए पछि गयो, गयो ! किन नफर्कने यौवन ?
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

धरा कति हराभरा ! चिरिबिरी चरा गाउँछन्
दिई मधुर बासना सरस फूलले छाउँछन्
लग्यो अब सबै कुरा शिशिरले बढारीकन
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

धपक्कसित जोसको बलिरहन्छ आगो जब
बटुल्छ बलियो बनी बहु विलासको वैभव
गयो चहक मन्द त्यो सकल सिद्धिँदै इन्धन
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

कथा कति व्यथा भए अति अतीतमा अल्पिए
भविष्य पनि योजना कति थरीथरी कल्पिए
न भूत र भविष्यको परिधिमा भयो मन्थन
हुरुक्क किन हुन्छ यो भन सखे ! उडेको मन

(पृथ्वी छन्द)



गणसङ्केत : ।ऽ। ।।ऽ ।ऽ। ।।ऽ ।ऽऽ । ऽ
गण : ज स ज स य ल गु (अक्षर १७)

# चसक्क किन हुन्छ ?

*– रमेश खकुरेल*

झिलिक्क बिजुलीसरि क्षणभरी उज्यालो गरी
सनक्क सब देहमा अमित वासनाले भरी
लसक्क जब लस्कियो समयले बिदा दीकन
चसक्क किन हुन्छ यो मन सखे नढाँटी भन

म को किन यहाँ पुगेँ अब कहाँ छ जाने अघि
अनन्त पथमा त्यसै अबुझ्कैँ भयो जिन्दगी
कतै पनि म ता कुनै जब जवाफ क्यै भेट्तिनँ
चसक्क किन हुन्छ यो मन सखे नढाँटी भन

अलभ्य जुनि मानवी गर भलो बनी सज्जन
धराधरहरा दिशाउपदिशा हँसाईकन
भनेर शुभकर्ममा मन दिँदा परेँ बन्धन
चसक्क किन हुन्छ यो मन सखे नढाँटी भन

मरेछ बिचरो चरो वधिकको निसाना बनी
बरी सहचरी रुँदी विरहिणी घुमी फन्फनी
कथेछ कविले व्यथा तर अझै सुनी गन्थन
चसक्क किन हुन्छ यो मन सखे नढाँटी भन

अबाध गतिले उडेँ गगनमा पुगेँ चन्द्रमा
अथाह तल सिन्धुको पनि छुँदै हिँडेँ खेलमा
तथापि जब आफुझैँ मनुजलाइ नै चिन्दिनँ
चसक्क किन हुन्छ यो मन सखे नढाँटी भन

(पृथ्वी छन्द)

# शाकुन्तल महाकाव्यबाट

*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*




नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन
रोपेँ बीज विचारका कलमका बुट्टा बनून् वल्लरी
उद्योगैतक मात्र गर्छु म सखे बन्ला-नबन्ला कसो
जादूबाट जगत् बनाउनु उसै होला सजीलो कहाँ

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा
ओर्ली सल्बल कल्बलाउन चली पूर्वीय मैदानमा
कालीदास कला बनेर रसिली कल्लोल कौतूहला
पुग्छिन् सागर भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही

कालीदास भनेर कोकिल अरू काला भए तापनि
कुँज्दै छन् वनमा न अड्छ तिनको आफ्नो वसन्ती ध्वनि
के मण्डूक कराउनू प्रकृतिले पापीपना हुन्छ र ?
गौरीशङ्करका नजीक चुचुरा उठ्छन् अरू वामन

(शार्दूलविक्रीडित छन्द)



सुन मिष्ट कथा सुभाषिणी
मृदुमाधुर्य विलासमोहिनी
वन शीतल वारिवाहिनी
शिव सत् सुन्दरता निनादिनी
सुन कोविद कालिदासको
कलकल्लोलकला स्वलङ्कृता
रचना प्रतिबिम्बिनी कथा
सब यो भारतको प्रिय-ज्यथा

(वियोगिनी छन्द)





**शार्दूलविक्रीडित छन्द**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ | |
| गण : | म | स | ज | स | त | त | गु | (अक्षर १९) |

# केही कविका कवित्वको अनुकरण

– *बालकृष्ण सम*

**भानुभक्त आचार्यको अनुकरण**

ख्वै ती आज कता गया ? ति ममता जुन् बारिमा राख्तथ्या
खाओस् पुत्र भनेर फेरि झगडा जुन् अर्थमा गर्दथ्या
घर् बारी जति साहुका भइसक्या, नारेर मुख्मा नली
आँगन्मा अब बस्छ त्यो ढलिमली गर्दो छ खाँदै खली
भोली भोग्नु छ आफुले जुन कुरा कत्ती नसम्झी उसै
अर्कालाइ त सोहि दुख् जगतमा भोगाउँछन् जन् तसै
ऐनाझैं अरु भाइका मुखविषे मुख् आफ्नु देखी लिया
संसार्लाइ मिलीजुलीकन सबै वैकुण्ठ पार्न्या थिया

(शार्दूलविक्रीडित)



**धरणीधर कोइरालाको अनुकरण**

सुनिदे, सुनिदे, सुनिदे, सुनिदे
गुनिदे, गुनिदे, गुनिदे, गुनिदे
गनिदे, गनिदे, गनिदे, गनिदे
अनि ले, अनि ले, अनि ले, अनि ले !
यदि पेट सदैव छ टम्म भने
सुखसाधन छन्, घरभित्र भने
मनमा पनि शान्ति छ पूर्ण भने
अगि बढ्, अगि बढ्, अगि बढ्, अगि बढ्
यदि देश छ उन्नतशील भने
यदि शिक्षित छन् सब वर्ग भने
जनजागृति देशविषे छ भने
अगि बढ्, अगि बढ्, अगि बढ्, अगि बढ्
यदि देश अधोगतिमा छ भने
जनता छ त्यहाँ पटमूर्ख भने
मनभित्र विचार छ सुप्त भने
अगि बढ्, अगि बढ्, अगि बढ्, अगि बढ्



(तोटक छन्द)

**कुलचन्द्र गौतमको अनुकरण**

वेला छैन त वेलामा कसरी दौड्नुपर्दछ
वेला होला तबेलामा कसेरै दौड्नुपर्दछ
अथवा तबला होला बेला नै नभए पनि
बजाए त बला होला त-ब-जाऊ उसो भए

(अनुष्टुप् छन्द)

जहाँ भयो बेर अबेर भो त्यहाँ
जहाँ भयो बेर सबेर भो त्यहाँ
कहाँ भयो बेर अबेर भो जहाँ ?
कहाँ भयो बेर सबेर भो जहाँ ?

(वंशस्थ छन्द)



**लेखनाथ पौड्यालको अनुकरण**

कता जान्छौ प्रेमी सब चलित छाया पछिपछि
हिँडी खोरन्डो भै रगत र पसीना पुछिपुछी
थकाई लाग्यो हो अब बस यहाँ एकछिन ता
प्रियालाई खोज्छौ, सुन, म हुलिया दिन्छु कविता
सबै जम्मा छन् यी क्रमसित नियालेर यिनमा
प्रियालाई पाऊ अनि पनि लगी राख मनमा
जहाँ होस् जैले होस् जब मिलन चाहन्छ मनले
उनीलाई छोऊ सरस कविताको लगनले
उनी देखा पर्लिन् चलमल गरी छन्दबिचमा
उनी ढल्की हिँड्लिन् पदपदविषे पाउहरुमा
उनी हाँस्लिन् मुस्की मधुर गहिरा भावहरुमा
उनी तिम्रै होलिन् जब डुबिसक्यो काव्यरसमा

(शिखरिणी छन्द)

**माधव घिमिरेको अनुकरण**

गौरी, तिम्रै पछिपछि हिँडी नागबेली परेर
ऋर्दै आयो रसमय नदी हामफाली बहेर
जम्दैजम्दै अलिअलि गरी खेत भो डम्म, माया
पोख्तै घोप्टचो अनि हिमचुली, उल्टियो टम्म छाया
लाखौँलाखौँ युग बदलिए युद्धको भर्त्सनामा
यौटैयौटै युग अटल भो प्रेमको साधनामा
त्यो के मान्छे हृदय जसको व्योमलाई छुँदैन
त्यो के आँखा प्रणय जसको शून्य चाखी रुँदैन

(मन्दाक्रान्ता छन्द, '**चिसो चूह्लो**' महाकाव्यबाट)

# गौरी

*– राष्ट्रकवि माधव घिमिरे*

खेल्दै शान्ति र कान्ति खाटनजिकै आई बसेका थिए
हेरी यी अनजानलाइ उनका आँसू खसेका थिए
बिस्तारै शिरमा मुसारि यिनको केही नबोली गइन्
हाली आसिक बिन्दु-बिन्दु गहको आँसू खसाली गइन्

गाईलाइ लग्यो नि ! आज कसले बाच्छो छुटाईकन
पोथी पाश परी मरी नि ! गुँडका बच्चा नहुर्कीकन
के हेर्छयौ यतिको बिजोग, धरती-माता ! तिमी फाट हे !
आमा बालककी नमार भगवान् ! संसार भर्ने भए

हेर्छे शान्ति यताउती घरभरी आमा कतै देख्तिन
हेर्छे फेरि मलाइ खालि मुखमा केही पनी बोल्दिन
'आमा खै ?' भनि वेगले हृदयमा टाँसेर रोऊँ कि म
अज्ञानी वय चारकी छ टुहुरी पार्‍यौ विधाता किन ?

मैले सोधिनँ अन्त्यकाल कुनमा धोको अडेको थियो
मैले रोइनँ प्राण जान कतिको बाधा परेको थियो
हेरेँ टुल्टुलु खालि दीन मुखमा हेरी-रहेकी थियौ
हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ

छन् तिम्रा अनुहारका कति सखी पृथ्वीभरी छौ तिमी
छन् तिम्रा गहना-लुगाहरु अझै कोठाभरी छौ तिमी
छन् माया-ममता र मोह-महिमा छातीभरी छौ तिमी
छन् छोरीहरु बिर्सुला नि कसरी आत्माभरी छौ तिमी


(शार्दूलविक्रीडित छन्द, **गौरी शोककाव्य**बाट)



# चिठी

– *बदरीनाथ भट्टराई*

श्री राजन्य-वरेण्य मित्रवर ए वीरत्वका सागर !
पाएँ पत्र बुझी कुरा मगजमा लाग्यो बडो चक्कर
मथ्दा तैपनि धैर्यसाथ त्यसको जो सार हो निस्कियो
लौ स्पष्टाक्षरमा निवेदन पनी ऐले गरी-हाल्छु यो




आफू गोल बनी स्वदेश पनि के हो बेस मैल्याउनू ?
पोल्ने शक्ति हुँदाहुँदै बरु भलो हो त्यो खरानी हुनु
धुवाँएर नजीकका जनहरू-लाई पिरोल्ने भए
देखाएर छटा भसक्क हुनु नै कल्याण हो मित्र ए !

रक्षाखातिर सर्पको शरणमा पर्ने कुनै मानिस
देखेको छ र के सुरक्षित यहाँ लाग्दै नलागी विष ?
ज्यादै प्रेम गरेर खास उसले गर्दा पनी चुम्बन
हाम्रो यो अनमोल जीवन डढी जाने खरानी हुन

बाँचेको ठहरिन्न वेतहरुले बस्दा हमेसा नुही
हुन् ती जीवित तीरवृक्ष बरु जो निर्मूल हुन्छन् लडी
ज्यूँदै मर्नु र दैन्यसाथ अथवा साँच्चै मरी बाँच्नुमा
दोस्रोचाहिँ अभीष्ट हुन्छ सबका वीरत्वका लोकमा

ब्रह्मादेखि दिएर मृत्युवशमा पर्दै नपर्ने छ को ?
मर्नै पर्दछ चारपाँच दिनको ढीलो र चाँडो न हो !
आएमा बरु मृत्यु सन्मुख भई हाँसेर नै स्वागत
गर्नेको इतिहासमा अमरता देखिन्छ है निश्चित

प्राय: औषधिको स्वभाव पहिले देखिन्छ टर्रो हुने
ती हुन्छन् परिणाममा तर बडो कल्याणलाई दिने
त्यस्तै हार्दिक मित्रको वचन हो भन्ने गुनी चित्तले
माफी निश्चय पाउला हरफको ऊचाइ-नीचाइले

(शार्दूलविक्रीडित छन्द)

# कुराकानी

– *पूर्णप्रसाद ब्राह्मण*

**गधा** : अर्काको नकुँड्याइ चित्त वनको खोजेर खान्छू तृण
बोकी बोऊ कजाउँछू हरघडी निःस्वार्थमा जीवन
सोझो जन्तु मबाट हुन्न कुभलो प्राणी कसैको पनि
बेफिक्रीसँग विश्व गर्दछ घृणा मैमाथि हा ! तैपनि




**सिंह** : मैले ता अघिबाट नै जगतको जानेर यो भावना
सारालाई निमोठनामठ गरी मेट्ने गरैं तिर्सना
मेरो सन्मुख पर्न विश्वभरमा को आँटिलो सक्तछ ?
टाढाबाट 'मृगाधिराज' पदवी पस्रेर टक्र्याउँछ !

**मैना** : बोलीले मृदु कर्णपूट सबको पीयूषले भर्दथैं
आफ्नो प्राक्तन पुण्यको फल झिकी संसारमा बाँड्दथैं
ऊन् उन्मुक्त मलाइ पक्रन भनी संसार नै तम्सियो
मेरो स्वच्छ उदारता जगतमा क्या दोष भै पल्टियो !

**काग** : ब्रह्माजी स्वर सृष्टिकै दिन यही गर्थे ममा आग्रह
मैले मानिनँ गर्न ज्यानहरुवा यी गीतका सङ्ग्रह
रूखा कर्णकठोर शब्द सबका ती कानमा पोख्तछु
पन्सन्छन् सब आफुचाहिँ नभमा क्या मोजले उड्दछु !

(शार्दूलविक्रीडित छन्द)



# हाम्रो देश

*– घनश्याम कँडेल*

छन् पाखा-पहरा सबै वनबुटा यी कन्दरा सुन्दर
आफ्नै गीत तरङ्गमा हरघडी बग्छन् नदी-निर्झर
अग्ला पर्वत टाकुरा पवनमा गर्छन् कुरा गुन्गुन
गर्छन् स्वर्णिम प्रातमा हिमचुली सौन्दर्यको चुम्बन

छोड्छन् शैल-निनादिनी अरु यहीँ आनन्दका रागिणी
भेट्छन् रे कतिले अझै पनि यहीँ यो सृष्टिकै मोहनी
देखिन्छिन् नव-यौवना प्रकृति यी हेरी-रहूँझैँ यहाँ
आई मेट्तछ चाँदनी पनि यहीँ सौन्दर्यको तिर्सना

धर्ती यो पनि मृत्तिका तर यही हो बुद्ध जन्माउने
पानी यो पनि हो उही तर यही हो वीर हुर्काउने
भर्ने गर्दछ प्राणमा पवनले सञ्जीवनी सर्वदा
मान्छेमा छ प्रसन्नता प्रकृतिको पाई ठुलो सम्पदा

(शार्दूलविक्रीडित छन्द)



# कस्ती भयौ बाग्मती !

*– टीकाराम शर्मा पौडेल*

तिम्रो झर्झरमा युगौंयुग झरे बिस्तार टाढा सरे
तिम्रो कल्कलभित्र ताण्डव गरी श्री शम्भु नाच्थे अरे
तिम्रो स्पर्श हुँदा समेत जनले सौभाग्य ठान्थे कति
तिम्रो त्यो इतिहास हो अब हरे कस्ती भयौ बाग्मती !

गौरीशङ्करको मनोरथ बनी वाग्द्वारदेखिन् झर्‍यौ
लाखौं जीवन सभ्यता कुसुममा सञ्जीवनीले भर्‍यौ
तिम्रो त्यो गुन बैगुनी मनुजले सम्झेन कैल्यै पनि
सेतीझैं अब गुप्त मार्ग मनले रोज्यौ कि मैली बनी

तिम्रो दर्शन गर्न खोज्छ मनले आँखा त्यसै झुक्तछ
गोडा चल्मल गर्दछन् तर यतै दुर्गन्धले रोक्तछ
कौवागिद्ध बिचर्दछन् फनफनी सम्पूर्ण छातीभरि
टाढैबाट विरूप दृश्य ननिको देखिन्छ आँखाभरि

छर्दै शीतलता विलोल जलले दिन्छयौ सबैमा बल
स्वार्थी मानिसले विचार नगरी हाल्छन् तिमीमा ढल
तिम्रो जीवनदायिनी रस भयो हर्ने सबै जीवन
मान्छे सभ्य भएर झन् मनुजता लाग्यो हरे ! बिर्सन

पानीबाट उठेर सृष्टि भवमा फुल्छन् सबै सभ्यता
पानीबाट फुटेर सिर्जनहरू लिन्छन् अरे पूर्णता
मान्छेले जब भुल्छ यो, प्रलयको चम्किन्छ सौदामिनी
आफ्नै कारणले अधोगति हुने नासिन्छ जैले पनि

(शार्दूलविक्रीडित छन्द)



# पहिले आफूलाई चिन

*– खेमराज 'केशवशरण'*

चाहे भौतिक शक्तिले भुवनकै एकाधिकारी बन
चाहे सिद्धिहरू अनन्त बटुली यो सृष्टि मेरै भन
तिम्रो स्वप्निल विश्वको नसकिने यो दीर्घ यात्राक्रम
आफैलाइ नभेटि भ्रान्तिपथमा बन्नेछ शून्य-श्रम

यो संसार विशाल वृत्त छ यहाँ रेखाहरू धेर छन्
यौटै मिल्दछ केन्द्रबिन्दु जसमा आई सबै जुट्तछन्
त्यै एकात्मक सत्य खोज्नु छ यहाँ जो कण्टकाकीर्ण छ
काँढामाथि घृणा नराख कहिल्यै आफू त्यहीँ फुल्नु छ

त्यो आफू जति बन्छ विस्तृत उही चौडिन्छ आफ्नो पन
त्यै आफ्नो पन बन्छ यन्त्र जसमा तौलिन्छ यो जीवन
आफू जे छ जगत् समस्त त्यसकै छाया बनी फुर्दछ
सारा विश्व बनाउने मन भए आफू बने पुग्दछ

(शार्दूलविक्रीडित छन्द)



# जिन्दगीको कार्यतालिका

*– मित्रलाल पंज्ञानी*



तारा, चन्द्र र सूर्य हर्दम स्वयम् आकाशमा डुल्दछन्
माली छैन कुनै गुराँस वनमा एक्लासमै फुल्दछन्
आभापूर्ण कला अनन्त युगको सन्देश साहित्य छ
कर्ता हो गतिशीलता प्रकृतिको संसारमा नित्य छ

मैले फुल्नु थियो गुराँस जसरी संसारको माझमा
हाँसी सुन्दर पूर्णिमा-विधुसरी आश्वीनको साँझमा
लालीमा नव प्रातको रवि हुँदै ढोका उघार्नू थियो
बाँकी नै छ कि आउनै समय त्यो पैल्यै कतै पोखियो !




कैले डुल्न हिंडौँ सँगीसित बसौँ कैले पढौँ पुस्तक ?
त्यागी भै कहिले जुटौँ मुलुकको सच्चा बनी सेवक ?
धान्नै पर्दछ साससम्म धनको कैले गरौँ आर्जन ?
बित्लाऊँ डर लाग्छ जीवन त्यसै मेसै नपाईकन

उठ्छू जर्फरिँदै बिहानपखमा ओछ्यानले घोच्तछ
गर्ने पर्दछ क्यै त यौवन छँदै मस्तिष्कले सोच्तछ
थालौँ सिर्जन के जसै सुरु गरौँ अल्झा सयौँ पर्दछन्
फैली फुक्न नपाउँदै तय त्यसै एकान्तमै मर्दछन्

फेरी उड्दछु बौरँदै जगतको दृष्टान्त खोजीकन
ज्यूँदै हार्न हुँदैन जा समर हो सङ्घर्ष हो जीवन
सोची सम्भव योजनासित रचौँ सत्कर्मको वाटिका
कोर्दा कागजमा कहाँनिर चुकेँ मिल्दैन यो तालिका

(शार्दूलविक्रीडित छन्द)

# कालीगण्डकीको तीरमा

– *कृष्णप्रसाद ज्ञवाली*



बग्छयौ सल्ल हिमालबाट हिउँको पानी समेटीकन
घुम्दै आउँदछ्यौ रमाइ रिडिमा के खोज्नलाई भन ?
सानै थेँ जब लौ म त्यो बखतमा यै बालुवामा बसी
हेर्थें विस्मयसाथ भेल जलको ल्याएर नौलो खुसी

आमाले जब सुस्त न्वाउन भनी पक्रेर यी पाखुरा
लैजाँदा म डराउँथेँ अरु कती बिर्से बितेका कुरा
आएँ लौ परदेशबाट घरमा बर्सौं बिताई जब
आजै ज्ञात भयो मलाई रिडिको हुत्याइछौ वैभव

यिन्का ती कुटुरा र बत्ति बुकुरा जम्मै बगाई-दियौ
त्यो वेला किन उग्र रूप तिमिले देखाउँदै जिस्कियौ
उठ्दैनन् प्रतिशोधनिम्ति बिचरा बन्लान् बरु व्याकुल
दैवीकोप भनी बुझाइ मन ती बस्छन् यहीं निश्चय

जोगी नित्य धुनी जगाइ तिरमा सानन्द बस्थे यतै
तिन्को सञ्चित त्यो खरानि र मुढा, चिम्टा लगीछौ कतै
छैनन् देख्तिनँ आज फेरि किन हो तिम्रो किनारामहाँ
चिल्ला पत्थर ती जहाँ म उहिल्यै बस्थेँ गए हुन् कहाँ

टाढाबाट हिँडेर आइ बटुवा चौतारिमा पुग्दथे
चूह्लो लाइ पकाइ-खाइ रुखको यै आडमा बस्दथे
साझ ती सबका थिए नि सरिते व्यर्थै जरा सब् खन्यौ
पल्टायौ किन वृक्ष त्यो दिन तिमी या कालिका नै बन्यौ

(शार्दूलविक्रीडित छन्द)

# यै देशलाई मर

*–रामप्रसाद ज्ञवाली*



मेरै कोख बसेर जन्मन तिमी ह्वैनौ सकेका भन ?
मेरै दूध चुसेर तन्तन तिमी ह्वैनौ बढेका भन ?
यै माटो, जल, वायु, यै मुलुकले तिम्रो बन्यो जीवन
आफ्नै जीवनलाइ तुच्छ कसरी ठान्यौ तिमीले भन ?

ठान्छौँ स्वर्ग जहाँ, महान् मुलुक हो ठान्छौ र जान्छौ जहाँ
मै जस्तै त थिए हवा, जल तथा पानी र माटो त्यहाँ
तिन्का सन्तति देशभक्त बनिए तिन्ले चढाए जुनी
माटो स्वर्ण बन्यो, बन्यो जल त्यहाँ झलमल्ल सौदामिनी



राम्रा मानिस बस्दछन् जब कहीँ स्वर्गीय त्यै ठाउँ छ
दुष्टात्माहरु पस्तछन् जब त्यहीँ त्यै नर्कझैँ बन्दछ
ह्वैनन् स्वर्ग त चीन रूस अथवा इङ्ल्यान्ड वा अम्रिका
तिम्रो चेत खुल्यो, पुग्यो श्रम भने ओर्लन्छ यैँ स्वर्ग ता !

बिग्रेको अझ छैन चेत फिरियोस् स्वर्गीय यै देश छ
तिम्रो त्याग र सीप, बुद्धि सचियोस् यै राष्ट्रसन्देश छ
फर्की हेर त देशमा जहिँतहीँ के छैन खोजे भन ?
यौटै मात्र कुरा रहेनछ यहाँ तिम्रो त आफ्नै मन !

अन्तै कर्म गरे नि बिन्ति ! ढुकुटी यै देशको नै भर
जान्छौ अन्त भने नि गर्व प्रिय हे ! यै देशको नै गर
सक्छौ गर्न त काम क्यै यदि भने यै देशलाई गर
मान्छे भैकन मर्नमा मन भए यै देशलाई मर

(शार्दूलविक्रीडित छन्द)



# म जन्मँदाको समय

*– सूर्यबहादुर खड्का 'बिखर्ची'*

कर्सापट्टि गुलाफ फूल लहरै फक्रेर हाँस्तै थिए
दैलामन्तिर सुन्तला र निबुवा जोल्टी फलेका थिए
श्रीसूर्जे पनि चम्कँदै गगनमा झुल्केर खुल्दै थिए
भन्छिन् यी जननी म त्यै समयमा चिच्च्याउँदै जन्मिएँ

राणाकाल ढली नयाँ किसिमको फुल्दै थियो शासन
नेपाली घरमा यही सुमनको चल्दै थियो बासन
ठूलो चाड दसैँ मनाउन सबै हाँस्दै र खेल्दै थिए
भन्छिन् यी जननी म त्यै समयमा चिच्च्याउँदै जन्मिएँ

तौली धान उता डिहीतिर नुही झुल्दै रहेको थियो
तोरी फूल यता गराभरि झुली फुल्दै गरेको थियो
त्यै बारीतिर फुर्रफुर्र पुतली नाच्दै र उड्दै थिए
भन्छिन् यी जननी म त्यै समयमा चिच्च्याउँदै जन्मिएँ

यो धर्ती अति स्वच्छ सुन्दर सफा वैकुण्ठ जस्तो थियो
हेर्दा दूर हिमाल झन् झलझली हेर्दै रहूँझैँ थियो
टौवामाथि कराउँदै गजबले कौवा बसेका थिए
भन्छिन् यी जननी म त्यै समयमा चिच्च्याउँदै जन्मिएँ

(शार्दूलविक्रीडित छन्द)

# सुकुमबासी

*– गोविन्दराज 'विनोदी'*

यो ठूलो भरिपूर्ण भूमितलमा ए, बास पाएनछौ !
तिम्रो पूर्वजुनी बितेछ कसरी क्यै साथ ल्याएनछौ
सारा मानिस तृप्त छन् तर तिमी मात्रै अघाएनछौ
साझा यो धरणी हुँदा पनि तिमी मात्रै अटाएनछौ



कस्ले लेख्छ ललाटमाथि यसरी तृष्णा, क्षुधाको कथा
कस्ले भर्दछ जिन्दगी-कुसुममा आघात, पीडा, व्यथा
साँच्चै ईश भए त यो विषमता हेरेर हाँस्थ्यो किन ?
स्रष्टाले गरि सिर्जना अनि स्वयम् फर्केर नास्थ्यो किन ?



कैले साथ समाजका मनमनै बाल्छौ अभीप्सा तिमी
कैले दूर समाजबाट हुन गै पाल्छौ जुगुप्सा तिमी
कैले जागृत भै अतिक्रमणका बाटा तिमी सोच्दछौ
कैले भत्किन गै सुरम्य सपना त्यो पुर्पुरो ठोक्दछौ

आएदेखि चुनाव आस बटुली बन्छौ कसैका तिमी
आफ्नो गाँस र बासनिम्ति सपना बुन्छौ कसैका तिमी
उस्को स्वार्थ पुगेपछी नचिनिने हुन्छौ 'पराई' तिमी
यै चालासित बारबार ठगिँदै रुन्छौ 'हराई' तिमी

(शार्दूलविक्रीडित छन्द)

# बालोपना

*– हेमन्त 'विवश'*

खोलामा जब भेल उर्लिन गयो पुग्थेँ म त्यै वेगमा
डाँडामा पहिरो गए पनि रमी हेर्थें त्यही भेगमा
बस्तै त्यो वनखेतमा हरघडी भाका सुसेली दिने
इच्छा जागृत बन्न खोज्छ अहिले बालोपना ल्याउने



होलान् पाक्न अधीर व्यग्र अति नै दानाहरू आँपका
धर्ती चर्र चिरेर जन्मिरहने होलान् टुना बाँसका
डुल्दै त्यो वनमा टिपीकन मुना झोला भरी ल्याउने
इच्छा जागृत बन्न खोज्छ अहिले बालोपना ल्याउने

डाँडामा कुहिरो छ खेतभरमा बाजाहरू बज्दछन्
खेतालाहरु आज रातदिनमै आफै त्यसै मस्त छन्
हेरी मात्र रहेर यो मगजमा खै के कुरा आउने ?
इच्छा जागृत बन्न खोज्छ अहिले बालोपना ल्याउने

ठेकीबाट दही झिकेर कहिले मोही अहा पार्दथेँ
कोदाको बिचबाट साग कहिले बेथे टिपी ल्याउँथेँ
आमा फर्किइँदा सुनाउन कुरा गर्थे त्यहीँ धाउने
इच्छा जागृत बन्न खोज्छ अहिले बालोपना ल्याउने

(शार्दूलविक्रीडित छन्द, **आफ्नै मनसँग**बाट)

# नुवाकोट विजय

– *नयराज पन्त*

भारादार लिई कुनै दिन सभा गर्दै बसेको ममा
तन्द्रा लाग्न गयो पुगेँछु अनि ता इन्द्रायणीस्थानमा
ठूलो साइत पर्छ आठ दिनमा त्यल्ले नुवाकोटमा
हाम्रो सिद्धि हुनेछ यो ध्वनि पऱ्यो मेरा दुवै कानमा

तन्द्रा खुल्न गयो ऋल्याँस्स म भएँ सोधेँ स्व–जोसीकन
'पात्रो हेर न जोतिसी समरको कैले छ राम्रो दिन'
'जाँदो शुक्र बिहाउँदो शनि हुँदा आगामि आठौँ दिन
ठूलो साइत पाइयो' यति गरे दैवज्ञले सूचन



सोही साइतमा दरो मन गरी उक्ल्यौँ महामण्डल
ठूलो युद्ध भयो, धडाधड ढले योद्धाहरूका धड
खाएका अघि नूनलाइ गुनले सम्झी झिकी जाँगर
थर्काइ रिपुलाइ युद्धबिचमा भो पन्थ अग्रेसर

(शार्दूलविक्रीडित छन्द)

दलमर्दन शाह भाइ मेरो
हुन ता द्वादश वर्ष नै पुगेको
कलिलो लडको थियो तथापि
त्यसको चित्त रहेछ शक्तिशाली

(मालभारिणी छन्द)

ली जेठी तलवारलाई करमा कुद्दै बडो शौर्यले
भै सेनापतिको समान रणमा ती भाइ औ पन्थले
रानाको शिरलाइ कत्तल गरे हाम्रो नुवाकोटमा
राम्रो भो जय खूब उत्सव गऱ्यौँ आनन्द ली चित्तमा

(शार्दूलविक्रीडित छन्द, **पृथ्वीको दिव्यज्योति**बाट)

---

**मालभारिणी छन्द (विषमवृत्तको छन्द)**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ।।ऽ | ।।ऽ | ।ऽ। | ऽ | ऽ | ।।ऽ | ऽ।। | ऽ।ऽ | ।।ऽ | |
| गण : | स | स | ज | गु | गु | स | भ | र | य | (अक्षर ११/१२) |

# आशाभङ्ग

*– माधवप्रसाद देवकोटा*



मोहन तिहार आयो सब घरघरमा बले सयौँ बत्ती
देख्तछु सहर उज्यालो छैन अँध्यारो कतै कत्ति !

बत्ती बाल्ने जिम्मा श्याम ! तिमीले लिएका हौ
यो नौढोके मेरा घरमा त बलेन, के गरेका हौ ?

कहिलेदेखि बस्नुपरेको मलाई हा ! करमा
चूकै पोखे जस्तो उग्र अँधेरो हरे छ यो घरमा !

छुट्ला अब त अँधेरो युगानुयुगको भनी गरेँ आस
'आस गरेस् भर नपरेस्' किन छुट्थ्यो अन्धकारको वास


'तैँले स्नेह दिएको खोइ र बाली-दिऊँ बत्ती ?'
भन्छौ कि क्या ! तिमीसँग छैन र के स्नेह पनि त्यत्ति ?

'केही मिल्ला' भन्ने के आशा भो त्यसो भएदेखि ?
स्नेह भनेको बिलकुल हो नभएको हा ! तिमीदेखि ?

'छन त छ तर किन आफू खोट्याउनु !' यो विचारमा छौ त
'विश्वम्भर' भनिठान्थेँ ओहो ! कन्जुस पो रहेछौ त !

चाँडो दोष हटाऊ नत्र त मोहन ! रहेन क्यै सार
भेद खुल्यो अब कसले राख्ला तिम्रो सरोकार !

(आर्या छन्द, **फूलबारी**बाट)





आर्या छन्दको पहिलो र तेस्रो पाउमा १२/१२ मात्रा, दोस्रो पाउमा १८/१८ मात्रा र चौथो पाउमा १५/१५ मात्रा हुन्छन् ।

# श्रद्धासुमन

– *फत्यबहादुर 'बटुवा'*



रस्साकस्सी गरेरै सकल बल लिई तान्न बोली दिएनौ
उर्लीकुर्ली भिडेका जनकन थपिई हान्न गोली दिएनौ
सत्ता बाँड्दैन कोही सितिमिति यसरी तुच्छ लोभी थिएनौ
दागा धर्ने कसैको जनधन बदला क्यै तिमीले लिएनौ

जालीझेली कुरामा मतलब नहुँदा बन्दुकै त्यो रिसायो
ताता गोली उकेली भटभटट गरी प्राण तिम्रो चिस्यायो
रानी, छोरा र छोरी कति पनि नरही साथ तिम्रै परेछन्
पोखी श्रद्धा र माया सब जन बलले याद मात्रै गरेछन्

प्राणी पानीविनाका नभभव चिलझैँ खूब तिर्खाइएछन्
जोडी आँखा सबैमा टलपल भल भै आँसु उर्ली बहेछन्
भत्क्यो गर्ल्याम्म हाम्रो शिर-भवन भनी माथ छाम्दै गएछन्
नेपाली शोकमा हो हुनु निडर भनी आँट थाम्दै रहेछन्

बन्दैथ्यो ज्यान तिम्रो सबल सकलको आज धड्कन् हरायो
निस्के छल्का अँध्यारा अनि मन सबमा शान्ति साह्रै डरायो
क्रोधी हावाहुरीझैँ अब मन नगरी मार्ग सुल्टो छ चल्ने
हाम्रो यो शोकलाई अब सब जनले शक्तिमा हो बदल्ने

तिम्रा ती नम्र बोली सब मनमनमा राखिनेछन् खुरुक्क
तिम्रा ती शान्त झोली सब तन-तनमा बोकिनेछन् जुरुक्क
तिम्रा सन्तान सारा सब अब नहुँदा रुन्छ यो देश ऐले
श्रद्धाका हात जोडी मन-सुमन भरी अर्पँदै छौँ सबैले



(स्रग्धरा छन्द)



# राष्ट्रिय झन्डा

*– राष्ट्रकवि माधव घिमिरे*

नेपाली नाम हाम्रो त्रिभुवनभरमा छौँ बडा वीर जाति
छाती निर्धक्क हाम्रो गति अति छरितो चढ्दछौँ माथिमाथि
हाम्रो बस्ती छ उच्चा शिखर हिमचुली देशका टाकुरामा
हाम्रो आदर्श उच्चा झलल रविशशी हेर हाम्रो ध्वजामा

हाम्रा घोडा दगुर्लान् कटकट चटका टापले कट्कटाई
हाम्रा जोडा दगुर्लान् चमचम खुकुरी हातले चम्चमाई
निस्कौँला वीर हामी सब रिपुदलको देशमा बोल्न धावा
चिर्ला हाम्रो ध्वजाले सननन नभमा सन्सनाएर हावा

नेपालीलाइ डाक्ला बिगुल धरहराबाट कुर्ली कमाल
प्यारीले बाँधिदेलिन् झटपट खुकुरीलाई रातो रुमाल
रातो झन्डा उठाई फरहर अगुवा वीर भर्लान् कमान
बाजाले ताल देलान् चल-चल-चल रे देशका नौजवान

नेपालीका हजारौँ समरविजयको वीरताको निसान
यै झन्डालाइ देख्ता त्रिभुवनभरका वीर छन् थर्कमान
हामी छौँ होसियारी चरण समयको चालमा चल्नलाई
बाचौँला वीर हामी युगयुगतक नै यै ध्वजा फर्फराई

(स्रग्धरा छन्द)

# केही छन्द

*– बमबहादुर थापा*

सम भाव खुलीकन काव्य हुने
कति छन् रसिला टसिला नछुने ?
जुन छन्द बग्यो सरितासरिको
छ त **तोटक**मा कविता ननिको ?

नियमित ध्यान गरी-रहन्छु म
अलिकति ख्याल गरी-रहन्छु म
लुरुलुरु गर्छु रचेर आरती
खुरुखुरु आउँछ छन्द **मालती**

जतिजति देख्यो उतिउति देखूँ
अलिकति लेख्यो कतिकति लेखूँ
किनकिन लाग्ने मनमन नाचूँ
**कुसुमविचित्रा**सँगसँग बाँचूँ

जबजब सुनकोसी बग्न थाल्छन् बिहान
तबतब सुनचाँदी बन्न थाल्छन् निसान
तन-मन-धन मेरा गीत हुन्नन् बिराना
छमछमछम बज्छन् **मालिनी** छन्द नाना

मेरो सानो कलम छ कला सानो छ टाँका पनि
सानो मेरो नरम छ गला सानो छ भाका पनि
रम्दैनन् यी नयन मसिना बेछन्दका धारमा
रम्छन् साना सरस सपना यै **हारिणी** हारमा

म गीत-मुरली बजी जब त तानमा रम्दछु
म भाव रसिली बनी तब त सोरठी गम्दछु
म लोकलयमा घुमीकन नचाउने मारुनी
युगीन लयतालमा सृजन गर्छु **पृथ्वी** पनि

चल्तीका **स्रग्धरा**मा नियमित कविता-सिर्जना सल्बलाई
नेपाली राष्ट्रभाषा, प्रचलित रसिला गीतमा गुन्गुनाई
कामैले नाम राख्ने रहर छ मनमा भाव नौला समाई
दामैले नाम राख्ने सहज चलन छन् लेख्छ कल्ले रमाई ?

**कुसुमविचित्रा छन्द**
गणसङ्केत : ।।। ।ऽऽ ।।। ।ऽऽ
गण : न य न य (अक्षर १२)

**हारिणी छन्द**
गणसङ्केत : ऽऽऽ ऽ।। ।।। ऽऽऽ ।ऽऽ । ऽ
गण : म भ न म य ल गु (अक्षर १७)

# यात्री

– *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने, साथ कसोरी लाने हो ?
मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो ?

हाडहरूका सुन्दर खम्बा, मांसपिण्डका दिबार !
मस्तिष्कको यो सुनको छाना, इन्द्रियहरूका द्वार !
नसा नदीका तरल तरङ्ग मन्दिर आफू अपार !
कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरको द्वार ?

मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज !
चेतनको यो ज्योति हिरण्मय उसको शिरको ताज !
शरीरको यो सुन्दर मन्दिर विश्वक्षेत्रको माऊ !

भित्र छ ईश्वर बाहिर आँखा खोजी हिँड्छौ कुन पुर ?
ईश्वर बस्तछ गहिराइमा, सतह बहन्छौ कति दूर ?
खोजी गर्छौ ? हृदय लगाऊ बत्ती बाली तेज प्रचुर !



साथी यात्री बीच सडकमा ईश्वर हिँड्दछ साथ
चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात
छुन्छ तिलस्मी करले उसले सेवकहरूको माथ

सडक किनारा गाउँछ ईश्वर चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीं दिँदैन चर्म-चक्षुले कानामा
कुन मन्दिरमा जाने यात्री, कुन नवदेश बिरानामा ?



फर्क फर्क हे ! जाऊ समाऊ मानिसहरूको पाउ
मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ
मानिसहरू भई ईश्वरको त्यो दिव्य मुहार हँसाऊ

(मात्रिक छन्द)

मात्रिक छन्दमा गण, गणसङ्केत र अक्षरको गणना हुँदैन । ह्रस्व अक्षर एक-मात्रा र दीर्घ अक्षर दुई-मात्राको गणना गरिने यस छन्दका विभिन्न प्रकारहरू हुन्छन् ।

# मेरो घर

– *पारसमणि प्रधान*

प्रश्न छ कविको यो घर कसको ? बस्छन् यसमा कोको ?
मालिक भन्दछ यो घर मेरो अब अरु हुन्थ्यो कसको !
जग्गा मेरो मिहिनत मेरो खर्च पनि सब मेरो
बस्छन् यसमा जहान मेरा यो घर पक्का मेरो

गौँथलि भन्दछ चिरबिर गर्दै सुन यो घर हो मेरो
बस्छे यसमा मेरी स्वास्नी बस्दछ छोरो मेरो
कहाँकहाँका भाटा ल्याई सुन्दर महल बनाएँ
हाव, घाम र पानी सारा वैरीबाट बचाएँ

सबले भन्छन् यो घर मेरो यसमा शङ्का छैन
यो घर कसको यस्तो प्रश्न सोध्नू हुँदै हुँदैन
चिँचिँकुचि गर्दै भन्छ भँगेरो बुरु यो घर हो मेरो
मेरा बाबा जीबा बस्ने यो घर कसरी तेरो ?



यसमा गुँड छन् फुल छन् मेरा अनि छन् बाह्र बचेरा
लौ तब भन् ए कलुवापुच्छ्रे के तब यी हुन् तेरा ?
चूँचूँ गर्दै भन्छे मूसी सुन यो मेरो घर हो
खान्छू बस्छू यहिँ उफ्रन्छू यो ता मेरो घर हो

मेरा ठूलासाना बच्चा यहिँ जन्मे यहिँ चर्छन्
खान्छन् प्यूँछन् यहिँ उफ्रन्छन् यै घरमा ती मर्छन्
आमा-छोरो-छोरी सबको साह्रै प्यारो घर यो
यसमा अरुको रति हक छैन कारण मेरो घर हो

चराचुरुङ्गी मालिक मूसा प्रेम छ यसमा सबको
उत्तर सोची भन्छन् कविजी रहेछ सबको घर यो
प्रेम पुण्य हो प्रेम गरेर बस्ने सबको घर यो
पौवा सत्तल पाटी जस्तै मिलिजुलि बस्ने घर यो

(मात्रिक छन्द, **बटुलबाटुल**बाट



# शबरी



*– खेमराज केशवशरण*

दण्डक वनको नजिकै उहिले शबरहरूको राज्य थियो
त्रेतायुगमा जनजीवनमा तिनको आफ्नै स्थान थियो
साँचो सोझो गुनिलो तिनको सरल र स्वच्छ स्वभाव थियो
सङ्गत पाए बन्ने यिनमा स्वाभाविक वैशिष्ठ्य थियो

शबरराजको आदर गर्थे वनका कोल किरणहरू
यिनै भूपको शासन मान्थे वनका अरु कति जातहरू
यिनकै घरमा जन्मिन् यौटी छोरी कुलकै ज्योतिसरि
भक्तिमती शबरी भनि पछि ती कहलाइन् सब लोकभरि

आत्मसाधनामा त्रुटि पर्दा यौटा साधक जन्मिन गो
शबर वंशको तारण गर्ने यौटा दिव्य सुयोग बन्यो
प्राक्तन जुनिका शुभ सद्गुण हे यस जुनिका पनि साथ दिए
छोरी भै उनि जन्मिन् तर पनि पुरुषार्थी गुण प्रकट थिए

विजया भन्ने नाम जुर्न गो ज्योतिषको शुभगणनामा
जस्तो नाम जुऱ्यो गुण उस्तै फक्रिन लागे दिनदिनमा
उदयोन्मुख त्यो जीवन उनको सबको स्नेहस्रोत थियो
दर्शनले नै वरपर सबमा ममता ओतप्रोत भयो

उनको पावन सङ्गत पाई सुध्रे कतिकति जीवहरू
कतिले जीवनमा अरु पाए 'शुभ'का दिव्य प्रसङ्गहरू
लौकिक सुखको चाह हराई आत्मिक सुख अतिप्रिय नै भो
सत्य अहिंसा संयम करुणा उनको जीवन आश्रय भो

(लीलावती मात्रिक छन्द)

# वसन्त

*– भुवनहरि सिग्देल*



चैत भयो अब फागुन गो सुन गीत मजा नव कोकिलको
उर्वर भो वन सुन्दर भो अनुबन्ध गुराँस र काफलको
वर्णनमा किन फूल भरी ऋतुराज वसन्त भने कविले
स्वर्ण लिपे हरिया कणमा जब साँझ बिहान डुली रविले

त्यै क्षणको कम नक्कल भो अमरापुरको मधुवागतिर
व्यास जुटेपछि लेखिन गो नतमस्तक हिन्दु पुराणनिर
लेख्न भुले अझ छूट गरे हिँगुवा, महुवा, मुडिला सुमन
बेस भयो र वसन्त रह्यो पृथिवीभरको बहुमूल्य धन

चिर्बिर चञ्चल चाँचरका सुरिला लय मारुत-वाद्य हुँदा
कम्पित छन् मृदुला लतिका धक मादकले मनभित्र छुँदा
इन्द्र अहो ! मनको कपटी धनु-वज्र र अग्नि झिकी बिजुली
ड्याङ्ग गुडुङ्ग झिलिक्क गरे अनि बादल-आँचल छोप्छ फुली

कौतुकका प्रिय साधन हुन् अथवा गुलिया फल-का-फलका
बालकसाथ मुमा जसरी– "अब छैन नि छैन" भनी हलुका
स्वैर विनोद गरे सरहै सब मानिससाथ उनै प्रकृति
खोल्न लुकाउन मस्त रहिन् दिइनन् सुरमा अनमोल कृति



पूर्ण मनोरम ती वनका हसना र चुहा, अमला, कदली
खोल्न सुटुक्क पसिन् वनमा हरिया फरिया पटुकी बदली
खेल भने पनि यी सब हुन् ऋतुराज वसन्त भने पनि यै
मानिसमा प्रकृतिप्रतिको मनमोहक सार्थक दृश्य सबै

(मदिरा छन्द)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणसङ्केत : | ऽ।। | ऽ।। | ऽ।। | ऽ।। | ऽ।। | ऽ।। | ऽ।। | ऽ |
| गण : | भ | भ | भ | भ | भ | भ | भ | गु (अक्षर २२) |

# कविताको वर्णानुक्रम-सूची


| क्र.सं. | शीर्षक | कवि | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १) | अचम्मका साथी | *टीकाराम शर्मा पौडेल* | १८ |
| २) | अनिच्छाव्रत | *महानन्द सापकोटा* | ५४ |
| ३) | अभिनय | *बुनू लामिछाने* | ६१ |
| ४) | असार | *भुवनहरि सिग्देल* | २७ |
| ५) | आइहाल्यो बाघ | *टीकाराम शर्मा पौडेल* | १९ |
| ६) | आदर्श राघवबाट | *सोमनाथ सिग्द्याल* | ४५ |
| ७) | आदर्श राघवबाट | *सोमनाथ सिग्द्याल* | ५१ |
| ८) | आशाभङ्ग | *माधवप्रसाद देवकोटा* | १०४ |
| ९) | उज्यालो र हाँसो कसैले दिएनन् | *मोदनाथ प्रश्रित* | ५३ |
| १०) | एक्काइसौँ शताब्दी | *नारायणप्रसाद अधिकारी* | ७२ |
| ११) | कविता-पहेली | *दैवज्ञराज न्यौपाने* | २८ |
| १२) | कस्ती भयौ बाग्मती ! | *टीकाराम शर्मा पौडेल* | ९५ |
| १३) | कालीगण्डकीको तीरमा | *कृष्णप्रसाद ज्ञवाली* | ९८ |
| १४) | किताब चरो | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १६ |
| १५) | कुञ्ज | *क.दी.* | ५२ |
| १६) | कुराकानी | *पूर्णप्रसाद ब्राह्मण* | ९३ |
| १७) | कुहु कुहु | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ९ |
| १८) | के सम्झँदा हुन् अब भानुभक्तले | *टीकाराम शर्मा पौडेल* | ४७ |
| १९) | केही कविका कवित्वको अनुकरण | *बालकृष्ण सम* | ८९ |
| २०) | केही छन्द | *बमबहादुर थापा* | १०७ |
| २१) | खोजेको छ अँध्याराले | *घनश्याम कँडेल* | ७० |
| २२) | गाउँ दिने कथा | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | २४ |
| २३) | गुरु | *बालकृष्ण सम* | ६७ |
| २४) | गौँथलीको चिरिबिरी | *कविशिरोमणि लेखनाथ पौड्याल* | ४३ |
| २५) | गौँथलीको बानी | *नरहरि आचार्य* | २२ |
| २६) | गौरी | *राष्ट्रकवि माधव घिमिरे* | ९१ |
| २७) | चरीको विलाप | *कविशिरोमणि लेखनाथ पौड्याल* | ८३ |
| २८) | चसक्क किन हुन्छ ? | *रमेश खकुरेल* | ८७ |
| २९) | चिठी | *बदरीनाथ भट्टराई* | ९२ |
| ३०) | जटिल समस्या | *भरतराज पन्त* | ८६ |
| ३१) | जिन्दगीको कार्यतालिका | *मित्रलाल पंज्ञानी* | ९७ |
| ३२) | जुरेली | *युद्धप्रसाद मिश्र* | ४२ |
| ३३) | तथापि फुर्दैन कवित्व हारियो | *कोमलप्रसाद पोखरेल* | ४८ |
| ३४) | तरुणतपसीबाट | *कविशिरोमणि लेखनाथ पौड्याल* | ८२ |

| | | | |
|---|---|---|---|
| ३५) | धन महिमा | *कविशिरोमणि लेखनाथ पौड्याल* | ३३ |
| ३६) | धोबिनी | *भीमनिधि तिवारी* | ५६ |
| ३७) | नवरस | *दैवज्ञराज न्यौपाने* | ६९ |
| ३८) | नानी पढ्छ | *जनकप्रसाद हुमागाईं* | १७ |
| ३९) | नारी : अनेक रूप | *प्रभा भट्टराई* | ७१ |
| ४०) | नुवाकोट विजय | *नयराज पन्त* | १०३ |
| ४१) | नेपाल | *जयदेव पौडेल* | ३७ |
| ४२) | नेपालका पन्छी | *जनार्दनशरण त्रिपाठी* | ७६ |
| ४३) | नेपाली वास्तुकला | *जीवराज पोखरेल* | ३१ |
| ४४) | नेपाली श्रम र सीप | *गणेश 'विषम'* | ८० |
| ४५) | पन्छीलाई चेतावनी | *नुमराज बराल* | ७९ |
| ४६) | परदेशमा तिहार | *लालगोपाल सुवेदी* | ३८ |
| ४७) | पहिले आफूलाई चिन | *खेमराज केशवशरण* | ९६ |
| ४८) | पानी | *मोदनाथ शास्त्री* | ८५ |
| ४९) | प्रगति | *विष्णुप्रसाद धिताल* | ५० |
| ५०) | बालबालिका शान्तिक्षेत्र हुन् | *रामप्रसाद ज्ञवाली* | ७ |
| ५१) | बालोपना | *हेमन्त 'विवश'* | १०२ |
| ५२) | बिन्दु | *वासुदेव अधिकारी* | ७५ |
| ५३) | बिरालो | *रमेश खकुरेल* | ८ |
| ५४) | बुद्धिमान् काग | *सिद्धिचरण श्रेष्ठ* | १२ |
| ५५) | भन्छ यो लोकनाथ | *रामबाबु सुवेदी* | ७७ |
| ५६) | भावी शहीद | *युद्धप्रसाद मिश्र* | ६५ |
| ५७) | म जन्मँदाको समय | *सूर्यबहादुर खड्का 'बिखर्ची'* | १०० |
| ५८) | म त कवि हुन्छु | *गोविन्दराज 'विनोदी'* | ३ |
| ५९) | मन | *ओमी शर्मा* | ६३ |
| ६०) | मभित्र यौटा कवि गर्छ वास | *मुकुन्दशरण उपाध्याय* | ४१ |
| ६१) | म शान्तिदूत | *रमेश खकुरेल* | २९ |
| ६२) | म सानु नानी | *कृष्णप्रसाद पराजुली* | १० |
| ६३) | माछापुच्छ्रे/पोखरा | *मुकुन्दशरण उपाध्याय* | ६८ |
| ६४) | मुनामदनबाट | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ६६ |
| ६५) | मृत्युञ्जय महाकाव्यबाट | *भानुभक्त पोखरेल* | ४९ |
| ६६) | मेरा इच्छाहरू | *रामप्रसाद ज्ञवाली* | १४ |
| ६७) | मेरी बाबा पुतली | *विश्वम्भर चञ्चल* | २३ |
| ६८) | मेरो घर | *पारसमणि प्रधान* | १०९ |
| ६९) | मेरो भाइ | *टीकाराम शर्मा पौडेल* | २० |
| ७०) | मेरो राजा | *'गाउँले' बलदेव* | ७३ |
| ७१) | मैले वसन्ततिलकासित प्रीति लाएँ | *गोविन्दराज विनोदी* | ५८ |

| | | | |
|---|---|---|---|
| ७२) | मोतीको दिव्यज्योति | *हिरण्यलाल ज्ञवाली* | ८१ |
| ७३) | यात्री | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १०८ |
| ७४) | युवा | *राधेश्याम भट्टराई* | ३९ |
| ७५) | युवासँग | *पुरुषोत्तम भट्टराई* | ४६ |
| ७६) | यै छ मेरो निसानी | *श्रीहरि रूपाखेती* | ७८ |
| ७७) | यै देशलाई मर | *रामप्रसाद ज्ञवाली* | ९९ |
| ७८) | राम-लक्ष्मण संवाद | *कुलचन्द्र गौतम* | ५५ |
| ७९) | रामायण | *आदिकवि भानुभक्त आचार्य* | ५९ |
| ८०) | राम्रो-नराम्रो | *रामबाबु सुवेदी* | १३ |
| ८१) | राष्ट्रिय झन्डा | *राष्ट्रकवि माधव घिमिरे* | १०६ |
| ८२) | लाँकुरी | *डिल्लीजङ्ग गुरुङ* | ६४ |
| ८३) | वनकुसुम महाकाव्यबाट | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ८४ |
| ८४) | वसन्त | *भुवनहरि सिग्देल* | १११ |
| ८५) | वसन्त-कामना | *कृष्णप्रसाद पराजुली* | ४४ |
| ८६) | शबरी | *खेमराज केशवशरण* | ११० |
| ८७) | शाकुन्तल महाकाव्यबाट | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ८८ |
| ८८) | श्रद्धासुमन | *फत्यबहादुर 'बटुवा'* | १०५ |
| ८९) | सपनामा उडेको | *मित्रलाल पंज्ञानी* | २६ |
| ९०) | सबै हाम्रा साथी | *दैवज्ञराज न्यौपाने* | २१ |
| ९१) | सल्लाह | *पुरुषोत्तम भट्टराई* | ६० |
| ९२) | सल्लाह | *हरि कट्टेल* | ३५ |
| ९३) | साँचो कला | *देवी नेपाल* | ५७ |
| ९४) | साथी | *रमेश खकुरेल* | ४ |
| ९५) | सुकुमबासी | *गोविन्दराज 'विनोदी'* | १०१ |
| ९६) | सुनको बिहान | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १५ |
| ९७) | सुनीति-विरह | *गोपाल पाँडे* | ३२ |
| ९८) | सेतो दाह्री | *कृष्णप्रसाद बस्याल* | ७४ |
| ९९) | स्निचहरू | *टीकाराम शर्मा पौडेल* | २५ |
| १००) | स्वतन्त्र देश बाँच्न द्यौ ! | *रामप्रसाद ज्ञवाली* | ३० |
| १०१) | स्वदेशका दर्पणमा | *वासुदेव त्रिपाठी* | ४० |
| १०२) | स्वदेशको माया | *रामविक्रम थापा* | ३४ |
| १०३) | स्वर्गको टुकडा | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ३६ |
| १०४) | स्वर्ग पाऊन् | *टीकाराम शर्मा पौडेल* | ६२ |
| १०५) | हजुरबाको अर्ती | *टीकाराम शर्मा पौडेल* | ११ |
| १०६) | हट हट घोडा | *कृष्णप्रसाद पराजुली* | ५ |
| १०७) | हाम्री आमा | *रमेश खकुरेल* | ६ |
| १०८) | हाम्रो देश | *घनश्याम कँडेल* | ९४ |

# बालकविताको वर्णानुक्रम-सूची


| क्र.सं. | शीर्षक | कवि | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १) | अचम्मका साथी | *टीकाराम शर्मा पौडेल* | १८ |
| २) | असार | *भुवनहरि सिग्देल* | २७ |
| ३) | आइहाल्यो बाघ | *टीकाराम शर्मा पौडेल* | १९ |
| ४) | कविता-पहेली | *दैवज्ञराज न्यौपाने* | २८ |
| ५) | किताब चरो | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १६ |
| ६) | कुहु कुहु | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | ९ |
| ७) | गाउँ दिने कथा | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | २४ |
| ८) | गौँथलीको बानी | *नरहरि आचार्य* | २२ |
| ९) | नानी पढ्छ | *जनकप्रसाद हुमागाईं* | १७ |
| १०) | बालबालिका शान्तिक्षेत्र हुन् | *रामप्रसाद ज्ञवाली* | ७ |
| ११) | बिरालो | *रमेश खकुरेल* | ८ |
| १२) | बुद्धिमान् काग | *सिद्धिचरण श्रेष्ठ* | १२ |
| १३) | म त कवि हुन्छु | *गोविन्दराज 'विनोदी'* | ३ |
| १४) | म शान्तिदूत | *रमेश खकुरेल* | २९ |
| १५) | म सानु नानी | *कृष्णप्रसाद पराजुली* | १० |
| १६) | मेरा इच्छाहरू | *रामप्रसाद ज्ञवाली* | १४ |
| १७) | मेरी बाबा पुतली | *विश्वम्भर चञ्चल* | २३ |
| १८) | मेरो भाइ | *टीकाराम शर्मा पौडेल* | २० |
| १९) | राम्रो-नराम्रो | *रामबाबु सुवेदी* | १३ |
| २०) | सपनामा उडेको | *मित्रलाल पंज्ञानी* | २६ |
| २१) | सबै हाम्रा साथी | *दैवज्ञराज न्यौपाने* | २१ |
| २२) | साथी | *रमेश खकुरेल* | ४ |
| २३) | सुनको बिहान | *महाकवि लक्ष्मीप्रसाद देवकोटा* | १५ |
| २४) | स्निचहरू | *टीकाराम शर्मा पौडेल* | २५ |
| २५) | स्वतन्त्र देश बाँच्न द्यौ ! | *रामप्रसाद ज्ञवाली* | ३० |
| २६) | हजुरबाको अर्ती | *टीकाराम शर्मा पौडेल* | ११ |
| २७) | हट हट घोडा | *कृष्णप्रसाद पराजुली* | ५ |
| २८) | हाम्री आमा | *रमेश खकुरेल* | ६ |




कोलाज चित्र : पुष्पशील गौतम

रातो बंगला किताब

ISBN 99933 869 3 6